

# नागरिक समाज र नेतृत्व

## दुई व्याख्यान

# नागरिक समाज र नेतृत्व

## दुई व्याख्यान

नीरा चन्डोक

गोपालकृष्ण गान्धी

Alliance for
Social Dialogue

व्याख्यानहरूमा व्यक्त विचार प्रवचनकर्ताका निजी हुन् । तिनले एलायन्स फर सोसल डायलगको संस्थागत धारणालाई प्रतिनिधित्व नगर्न सक्छन् ।

© एलायन्स फर सोसल डायलग (एएसडी)

ISBN: 978 9937 8731 1 6

संस्करण: सन् २०१३ मे

अङ्ग्रेजी मूलबाट अनुवाद:
'नागरिक समाजका सम्भावना र सीमा' – मोहन मैनाली
'दक्षिण एसियामा नेतृत्व' – वसन्त थापा

आवरण डिजाइन: रविन सायमि

एलायन्स फर सोसल डायलग सचिवालय
सोसल साइन्स बहा:
११० रामचन्द्रमार्ग, बत्तीसपुतली, काठमाडौँ-९, नेपाल
पोस्ट बक्स नं. २५३३४, काठमाडौं, नेपाल
फोन: ४४७२८०७, फ्याक्स: ४४६१६६९
asd@asd.org.np • www.asd.org.np

---

थप खुला प्रवचनहरू र पछि हुने छलफलका लागि एएसडीको वेबसाइट www.asd.org.np हेर्नुहोला ।

# प्रकाशकीय

विगत केही वर्षदेखि नेपाली संघसंस्थाहरूले विभिन्न प्रकारका सामाजिक र राजनीतिक अभियानमार्फत संविधान र अधिकारसम्बन्धी विषयमा छलफल चलाइरहेका छन् । यस्ता छलफलको केन्द्रमा राजनीतिक सङ्क्रमण, संविधान निर्माण प्रक्रिया, संविधानका विवादित मुद्दा तथा शान्ति प्रक्रियासँग जोडिएका विषयहरू रहने गरेका छन्। नेपालको घरेलु द्वन्द्व व्यवस्थापनका कुराले त्यहाँ विशेष प्राथमिकता पाउने गरेका छन् । आन्तरिक विषय र मुद्दामा बढी केन्द्रित रहनु परेका कारण यस्ता छलफल र बहसले बाह्य अर्थात् क्षेत्रीय र विश्वस्तरमा उठिरहेका मुद्दा र विषयलाई भने पर्याप्त मात्रामा समेट्न सकेका छैनन् । तथापि, खुल्ला विश्व परिवेश र भूमण्डलीकरणले गर्दा क्षेत्रीय र विश्वस्तरमा हुने स्वतन्त्रता, अधिकार र न्यायसम्बन्धी बहसबाट अलग रहन सकिँदैन । यो पक्ष किन पनि महत्त्वपूर्ण छ भने अधिकार र न्यायका लागि हुने पैरवीलाई अन्य स्थानका उस्तै खाले घटना र बृहत्तर दार्शनिक प्रश्नसँग जोड्न सकिएन भने हाम्रा आन्तरिक छलफल र प्रयासहरूबाट मात्रै समाधान निकाल्न कठिन हुन्छ ।

यसर्थ, आन्तरिक द्वन्द्व र राजनीतिक विषयका अतिरिक्त नागरिकका दैनन्दिन समस्या, आर्थिक-सामाजिक तथा प्रविधिको क्षेत्रमा भइरहेका परिवर्तन तथा यससँग जोडिएका मुद्दाहरूमा पनि निरन्तर बहस हुनु जरुरी छ। नागरिकका मुद्दाको बारेमा चर्चा गर्दा, त्यस्ता मुद्दाले असर गर्ने सरोकारवाला, पैरवी गर्ने निकाय र मुद्दालाई प्रभावकारी रूपमा उठान र सम्बोधन गर्न सक्ने नेतृत्वका बारेमा पनि समालोचनात्मक छलफल हुनु आवश्यक हुन्छ। यस्ता विषयमा हुने बहसको आयतनलाई फराकिलो पार्दै अन्तरक्रिया र गोष्ठीको

परिधिलाई अलि खुल्ला क्षेत्रमा विस्तार गर्नु राम्रो हुन्छ । हाम्रो सन्दर्भमा, यस्ता बहसलाई बृहत् र फराकिलो बनाउन खुला प्रवचन तथा व्याख्यानहरू किफायती र भरपर्दो माध्यमका रूपमा देखिएका छन्। यसै सन्दर्भमा एलायन्स फर सोसल डायलग (एएसडी) ले आम सरोकारका विषयमा विज्ञहरूको विचार र नागरिकको समालोचनात्मक सहभागितालाई समेत प्रोत्साहित गर्न सक्ने साझा थलोको रूपमा खुला प्रवचनहरू आयोजना गर्ने जमर्को गरेको हो ।

यसै क्रममा, यो प्रकाशन नेपाली समाजलगायत दक्षिण एसियामा प्रमुख रूपमा उठ्ने गरेका मुद्दाहरू – मूलतः नेतृत्व र नागरिक समाजको भूमिका सम्बन्धमा छलफलको दायरा फराकिलो पार्ने उद्देश्यले आयोजित प्रवचनमा व्यक्त विचारहरूको सङ्ग्रह हो। यसमा सङ्ग्रहित विचार अङ्ग्रेजीबाट अनूदित हुन्। एएसडीले प्रवचनका निम्ति विभिन्न संस्थाहरूसँग सहकार्य गर्ने गर्दछ। प्रस्तुत प्रवचनमध्ये 'नेतृत्व' को प्रवचन हिमाल साउथ एसियासँगको सहकार्यमा सम्पन्न भएको हो ।

एएसडीको निमन्त्रणामा काठमाडौँ आई प्रवचन दिनुहुने श्री गोपालकृष्ण गान्धी तथा प्राध्यापक नीरा चन्डोकप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। साथै प्रवचन शृङ्खलालाई संयोजन गर्ने एएसडी कार्यक्रम अधिकृत शेहनाज बानु तथा अन्य साथीहरूप्रति धन्यवाद । साथै प्रस्तुत प्रकाशन पाठकका लागि उपयोगी हुने आशा गरेका छौँ ।

**हरि शर्मा**
निर्देशक

# नागरिक समाजका सम्भावना र सीमा

“ राजनीतिक अभिजात वर्गलाई आफ्ना प्रतिबद्धता र जिम्मेवारीबाट पतन हुन नदिने काम जिउँदो जाग्दो नागरिक समाजले मात्र गर्न सक्छ । यति बेला नागरिक समाजमा जिउँदो जाग्दोपन ल्याउनु परेको छ जसले गर्दा यथास्थितिलाई उल्लेखनीय चुनौती दिने कामको सङ्कल्प गरी सामूहिक प्रयासमार्फत त्यसलाई कार्यान्वयन गर्न सकियोस् । ”

# नागरिक समाजका सम्भावना र सीमा

– नीरा चन्डोक

यहाँ भेला हुनुभएका विशिष्ट महानुभावसमक्ष यो व्याख्यान दिने निम्तो पाएकोमा म अत्यधिक हौसिएकी छु । काठमाडौँ आउन पाउँदा म जहिल्यै पनि खुसी हुन्छु । म १० वर्ष जति अगाडि सोसल साइन्स बहाःको निम्तोमा सकारात्मक विभेदसम्बन्धी विशाल सम्मेलनमा भाग लिन पहिलो पटक काठमाडौँ आएकी थिएँ । सोसल साइन्स बहाः र हाल आएर सामाजिक संवादका लागि सहकार्यले विभिन्न विचारधारा, विभिन्न मान्यता र प्रतिबद्धता भएका मानिसहरूलाई समग्र नेपाली समाजका साझा विषयमा संवादका लागि जसरी जुटाउने कोसिस गरिरहेका छन् त्यसबाट म धेरै प्रभावित भएकी छु । नागरिक समाजले गर्ने काम यस्तै हुन् ।

नागरिक समाजसम्बन्धी आजको मेरो व्याख्यान तीन खण्डमा विभाजित छ । सबैभन्दा पहिले म इतिहासको खास घडी वर्तमान कालमा नागरिक समाजको पुनर्उदयका बारेमा चर्चा गर्नेछु । त्यसपछि सामान्य मानिसका लागि स्वतन्त्रताको खोजीमा लागेका विकासोन्मुख देशहरूमा नागरिक समाजको महत्त्वका बारेमा कुरा गर्नेछु र अन्त्यमा नागरिक समाजका समस्याका बारेमा छलफल गर्नेछु । कुनै अवधारणा र अवधारणासँग जोडिएका कुनै पनि परिपाटीलाई निर्विरोध रूपमा छाड्नु हुँदैन । त्यसको परख गरेर मात्रै कुनै पनि परिपाटीलाई पुनर्परिभाषित गर्न सकिन्छ, अवधारणालाई पुनर्व्याख्या गर्न सकिन्छ ।

## नागरिक समाजको अवधारणाको उदय

नागरिक समाजको अवधारणा शीतयुद्धको उपज हो तर यसले शीतयुद्धको अन्त्यको अग्रिम सूचना पनि दिएको थियो । नागरिक समाजले विद्यमान समाजवादी समाजको अन्त्य गऱ्यो । यो खास नागरिक समाजको मुटु हो । धेरै दातृ संस्था, पश्चिमी देशका सरकार र हाम्रै आफ्ना सरकारले यस अवधारणालाई काखी च्याप्नुको कारण पनि यही हो । शीतयुद्धले विभिन्न देशलाई उदार प्रजातान्त्रिक र समाजवादी गरी दुई खेमामा ध्रुवीकरण गरेको थियो । यो विभाजन विचारधाराका आधारमा भएको थियो, संसारलाई हेर्ने दुईवटा फरक तरिकाका बीचको सङ्घर्षका आधारमा भएको थियो। दुईवटा फरक दृष्टिकोणका विषयलाई लिएर यस्तो विभाजन भएको थियो । दोस्रो विश्वयुद्धपछि दुईवटा प्रतिस्पर्धी विचारधाराले प्रभुत्वका लागि गरेको द्वन्द्वका आधारमा यस्तो विभाजन भएको थियो। यस्तो विभाजन मानवअधिकारसम्बन्धी अवधारणाका आधारमा भएको थियो । पश्चिम युरोपका देश र अमेरिकाले राजनीतिक र नागरिक स्वतन्त्रतालाई अँगाले र कार्यान्वयन गरे भने सोभियत युनियनको प्रभुत्वमा रहेका समाजवादी खेमाले सामाजिक र आर्थिक अधिकारलाई आत्मसात् गरे। पूर्वी जर्मनी, पोल्यान्ड, चेकोस्लोभाकिया, युगोस्लोभिया, हङ्गेरी र अल्बेनिया जस्ता पूर्वी र मध्य युरोपका निरङ्कुश शासनमा नागरिकलाई नागरिक र राजनीतिक अधिकार दिइएन ।

हामी दक्षिण एसियालीहरू अलि बढी नै अराजक छौँ। बस अथवा पार्क अथवा रेस्टुरेन्टमा तीन जना मानिसको भेट भयो भने हामी राजनीतिका बारेमा कुरा गर्छौं, सबैभन्दा ताजा समाचारको कुरा गर्छौं र वादविवाद, छलफल गर्छौं, कटुता, बेमेल अनि विभाजन पैदा गर्छौं । हामीबीच सहमति नहुन सक्छ । एकै छिन हामी यस्तो समाजको कल्पना गरौँ जहाँ छलफल गर्न पाइँदैन, जहाँ आफ्ना विचार व्यक्त गर्न पाइँदैन । हामीमध्ये अधिकांशलाई यस्तो अवस्था अप्ठचारो लाग्छ । समाजवादी अरू भनौँ भने स्टालिनवादी सत्ताको विशेषता भनेकै अभिव्यक्ति स्वतन्त्रता, असन्तुष्टि प्रकट गर्ने स्वतन्त्रता कुण्ठित गर्नु थियो । सबैभन्दा महत्त्वपूर्ण कुरा भेला हुने स्वतन्त्रता पनि कुण्ठित गरिएको

थियो । सत्तरी र असीको दशकमा त्यहाँका मानिसहरू आफूलाई थुनिएको अथवा दबाइएको महसुस गर्न थालेका थिए जुन स्वाभाविक थियो किनभने स्वतन्त्रता मानिसको नसानसामा बगेको हुन्छ ।

सन् १९८० को दशकमा पूर्वी युरोपका बुद्धिजीवीहरूले यस्तो अवस्था पाए जहाँ असह्य राजनीतिक अवस्थाबाट मुक्ति पाउन सङ्घर्ष गर्ने जनतालाई परापूर्वकालदेखि उपलब्ध दुवै उपाय उनीहरूका लागि उपलब्ध थिएनन् । पहिलो उपाय हो, माथिल्लो तहबाट राज्यशक्तिमा सुधार । दोस्रो उपाय हो, तलबाट गरिने क्रान्ति । पूर्वी युरोपका मानिसले के तीतो अनुभव भोगे भने ब्रेजनेभ सिद्धान्तले उनीहरूलाई यी दुवै उपायबाट वञ्चित गऱ्यो । जहाँ र जति बेला आवश्यक हुन्छ त्यति बेला पूर्वी युरोपका राज्यमा हस्तक्षेप गर्न सोभियत युनियन हिच्किचाएन । यस सिद्धान्तले स्वेच्छाचारी, असंवेदनशील कर्मचारीतन्त्र र त्यसभन्दा बढी स्वेच्छाचारी र असंवेदनशील राजनीतिक नेतालाई अझ शक्तिशाली बनाइराख्ने काम गऱ्यो ।

कठोर सरकार र घमन्डी कर्मचारीतन्त्रबाट पिल्सिएका जनताले नागरिक र राजनीतिक स्वतन्त्रता छिनिएको महसुस गरे । आर्थिक कारोबार र सामाजिक व्यवहारमा राज्यको एकाधिकार र राज्यमा नागरिकको सहभागिता अथवा प्रतिनिधित्व नहुनुलाई उनीहरूले स्वीकार गर्न सकेनन् । यसका विरुद्ध केही गर्नैपर्ने भएको थियो । पूर्वी युरोपका मानिसले गर्न सक्ने एकमात्र उपाय थियो विद्यमान प्रणालीभित्र 'आजाद क्षेत्र' को स्थापना गर्नु जहाँ मानिसहरू भेला हुन सकुन् र आत्मीयताबीच आफ्ना भावना व्यक्त गर्न सकुन् । सामाजिक संस्था, स्वावलम्बी र आफैँले चलाएका सङ्गठन र आत्मीय सम्बन्ध भएको यस्तो आजाद क्षेत्रलाई पूर्वी युरोपेलीहरूले 'नागरिक समाज' नामकरण गरे ।

राज्य र परिवारबीचको स्थानलाई साङ्केतिक रूपमा बुझाउने भनी व्याख्या गरिएको नागरिक समाजले सार्वजनिक जीवनलाई पुनर्जागृत गर्ने काम गऱ्यो । लामो समयसम्म राजनीतिविहीन राजनीतिक अवस्थामा बसेका मानिसलाई नागरिक समाजको नारा आकर्षक लाग्नु स्वाभाविकै थियो । पूर्वी युरोपको

ऐतिहासिक सन्दर्भमा छद्म नाम पाएको नागरिक समाजका तीनवटा विशेषता महत्त्वपूर्ण छन् । पहिलो, यसले राजनीतिक गतिविधिबाट वञ्चित मानिसको आत्मनिर्णयको बाटो खोल्यो । आफ्नो सुविधाअनुसारको राजनीतिक संवादमा लाग्ने बाटो खोल्यो । जनतालाई आफ्नो इतिहास बनाउने अधिकार छ भन्ने विश्वास व्यक्त गरियो । उनीहरूले जतिसुकै नराम्रो ढङ्गले त्यस्तो इतिहास बनाए पनि यो अधिकार उनीहरूसँग छ। नागरिक समाजको स्थापनाले यस्तो मनसाय व्यक्त गऱ्यो: आम मानिस आफ्नो जीवनको गोरेटो कोर्न सक्षम छन्।

दोस्रो, यसले के दाबी गऱ्यो भने पाठक क्लब, छलफल समूह, मजदुर सङ्गठन जस्ता संस्थामार्फत स्वावलम्बन र आत्मीयतालाई मलजल गर्नु राम्रो काम हो किनभने यसले राज्य र व्यक्तिगत जीवन दुवैबाट अगल एउटा ठाउँ प्रदान गर्छ । यसरी पूर्वी युरोपमा नागरिक समाज यस्तो एउटा अवसरका रुपमा उदायो जहाँ संस्थामा आबद्ध मानिसहरूले कर्मचारीतन्त्रबाट जकडिएको राज्यशक्तिभन्दा स्वतन्त्र भएर प्रजातान्त्रिक गतिविधि गर्न पाए ।

तेस्रो, यसले सरकार र समाजका बीचमा सम्बन्ध स्थापित गर्न खोज्यो । यसले सामाजिक जीवनमा सरकारी हस्तक्षेप सीमित पार्नका लागि विधिको शासन तय हुनुपर्ने, राजनीतिक र नागरिक अधिकारलाई संस्थागत बनाउने, उत्तरदायित्व जस्ता विधिलाई पनि यसले जोड दियो। यसरी नागरिक समाजको स्थापना गर्ने र सरकारका सीमा तोक्ने प्रयास गर्दा नागरिक समाजलाई खाने 'स्टालिनवादी' सरकारी प्रयासलाई अस्वीकार गरियो ।

नागरिक समाजलाई यसरी सिद्धान्तमा ढाल्दा यसलाई 'आफैँलाई सीमित पार्ने' क्रान्ति भन्न सकिन्छ। तर 'स्टालिनवादी' सरकारको ऐतिहासिक सन्दर्भमा यस्तो प्रयासले पनि भूकम्प ल्याइदियो किनभने यो तुलनात्मक रूपमा द्रुत गतिमा एउटा यस्तो नाराका रूपमा स्थापित भयो जसले स्वेच्छाचारी राज्यशक्तिका विरुद्ध स्वयंसेवी र उद्देश्यमूलक सामूहिक प्रयासको शक्ति स्थापित गऱ्यो। यो कुरा यहीँ टुङ्गिएन। सुरुमा विद्यमान राज्यशक्तिभित्रै एउटा आजाद क्षेत्र सिर्जना गर्नेतर्फ केन्द्रित यो प्रयास छोटो समयमै शक्तिशाली राजनीतिक आन्दोलनमा

बदलियो यद्यपि यो अव्यवस्थित, स्वतःस्फूर्त र असङ्गठित थियो। सन् १९८९ मा सडकमा उत्तेजित भीडका सामु शक्तिशाली पूर्वी युरोपेली राज्य तासको घरझैँ ढलेको दृश्य हामीले देख्यौँ।

आफैँलाई सीमित पार्ने घोषित उद्देश्य भएको सामाजिक आन्दोलन यसरी अति उत्तेजित राजनीतिक क्रान्तिमा परिणत भएपछि नागरिक समाजको अवधारणामा चौथो आयाम थपियो। सुरुमा राज्यलाई केही नगर्ने नागरिक नाटकीय ढङ्गले शक्तिको स्वरूप र अन्तरवस्तुमा चासो राख्ने राजनीतिक शक्तिमा परिणत भयो। यसरी नागरिक समाजका नागरिक अब उप्रान्त गैरराजनीतिक प्राणीका रूपमा रहेनन्। यसको अर्थ के हो भने राज्यभन्दा बाहिर बसेका मानिससँग राज्य र यसले लिएको राजनीतिको स्वरूपका बारेमा वादविवाद गर्ने अधिकार हुन्छ। सन् १९८० को दशकका उत्तेजक समयमा शक्तिको सन्तुलन स्पष्ट रूपले राज्यबाट नागरिक समाजतर्फ ढल्कियो।

पूर्वी युरोपमा भएको नागरिक समाजको आन्दोलनका दुईवटा पक्षले हामीलाई सोच्ने अवसर दिएको छ। पहिलो, नागरिक स्वतन्त्रता खासगरी अभिव्यक्ति स्वतन्त्रता र भेला हुने अधिकार, विधिको शासन, सीमित राज्यशक्ति, राजनीतिक उत्तरदायित्व र स्वतन्त्र बजार जस्ता नागरिक समाजका मागलाई ध्यान दिएर हेर्‍यौँ भने के कुरा स्पष्ट देखिन्छ भने पूर्वी युरोपेलीहरूले असलमा त्यस्तै बुर्जुवा आन्दोलन गरेका थिए जस्तो बेलायतमा सत्रौँ शताब्दीमा स्वेच्छाचारी राज्यशक्तिका विरुद्ध भएको थियो। महान् उदार चिन्तक जोन लकले लेखेको कुरा सन् १९८० मा पूर्वी युरोपेली देशमा सही साबित भयो।

पूर्वी युरोपको अनुभवको पहिलो सन्देश इटलीका मार्क्सवादी अन्तोलियो ग्राम्सीले सन् १९३० को दशकमा तयार गरेको अवधारणा सही छ भन्ने हो। त्यो सन्देश यस्तो थियो: राज्य स्वेच्छाचारी अथवा समाजवादी जस्तोसुकै होस् उसले जहाँ र जति बेला नागरिकका राजनीतिक र नागरिक अधिकार कुण्ठित गर्छ त्यहाँ असन्तुष्टि पैदा हुन्छ र राज्यको संरचनाबाट आम मानिसलाई पाखा लगाउने अथवा त्यसमा प्रतिनिधित्व नगराउने प्रथाका

विरुद्धमा जनआन्दोलन उठ्छ। नागरिक समाज भएको राज्यभन्दा नागरिक समाज नभएको राज्य बढी कमजोर हुन्छ भनी ग्राम्सीले भनेको कुरा पूर्वी युरोपका लागि भविष्यवाणी साबित भयो। नागरिकका विचारलाई दमन गर्ने र सामूहिक कामलाई निष्क्रिय बनाउने प्रयास राज्यले गऱ्यो भने राज्यमाथि प्रेसर कुकरमा जम्मा भए जस्तो दबाब सिर्जना हुन्छ। नागरिक र राजनीतिक अधिकार महत्त्वपूर्ण कुरा हुन्। पूर्वी युरोपका मानिसले उनीहरूका समाजवादी सरकारलाई यी अधिकार आर्थिक र सामाजिक अधिकार जत्तिकै महत्त्वपूर्ण छन् भनी सन्देश दिएका थिए।

मानवअधिकारसम्बन्धी सिद्धान्तकारले एउटा पाठ सिक्नुपर्छ। व्यक्तिगत अधिकारको आलोचना गर्ने समाजवादी आलोचकले भनेझैँ सामाजिक र आर्थिक अधिकारबिना राजनीतिक र नागरिक अधिकार अधुरो हुन्छन्। सामाजिक र आर्थिक अधिकार नपाईकन राजनीतिक र नागरिक अधिकारको पूर्ण अभ्यास गर्न सकिँदैन। गाँस र बास नपाएको मानिस स्वतन्त्र हुन सक्दैन, न त उसले आफ्नो समाजका राजनीतिक काममा पूर्ण रूपमा भाग लिन सक्छ। अर्को शब्दमा भन्दा सार्थक जीवनका लागि आवश्यक पर्ने कुराको ग्यारेन्टी नभइन्जेल नागरिक र राजनीतिक अधिकार खोक्रा नारा मात्र हुन्।

यसको अर्को पाटो पनि उत्तिकै सत्य छ। नागरिक र राजनीतिक अधिकारबिना सामाजिक र आर्थिक अधिकार उत्तिकै निरर्थक साबित हुन्छन्। मानौँ, एउटा दयालु तानाशाहले आफ्ना नागरिकलाई गाँस, बास र शिक्षा जस्ता सामाजिक र आर्थिक अधिकार पूर्ण रूपमा प्रदान गऱ्यो तर नागरिक अधिकार खासगरी आफ्नो अधिकार उपयोग गर्न नपाइने सर्तमा। यस्तो अवस्थाले ठूलो राजनीतिक विपत्ति निम्त्याउँछ। भोलि त्यस दयालु तानाशाहले सामाजिक र आर्थिक अधिकार पनि खोस्यो भने मानिस निरीह बन्छ। उसले पहिले आफ्नो इच्छाले जनतालाई ती अधिकार दिएको थियो। अहिले स्वेच्छाले ती अधिकार खोस्यो। जनतासँग ती अधिकार माग्ने अधिकार हुँदैन किनभने सामाजिक र आर्थिक अधिकार माग्ने राजनीतिक र नागरिक अधिकार उनीहरूले पहिले नै गुमाइसकेका छन्।

प्रजातान्त्रिक राजनीतिमा फलाना अधिकारका बदलामा फलाना अधिकार दिने भन्ने हुँदैन। सामाजिक र आर्थिक अधिकार नभईकन नागरिक र राजनीतिक अधिकार उपभोग गर्न सकिँदैन भने नागरिक र राजनीतिक अधिकारबिना सामाजिक र आर्थिक अधिकार उपभोग गर्न सकिँदैन। एउटा अधिकार कुण्ठित गर्दा अर्को अधिकार अर्थहीन हुन जान्छ। यसले देशमा असन्तुष्टि पैदा गर्छ। पूर्वी युरोपको अनुभवबाट हामीले सिकेको पाठ यही हो।

यसको दोस्रो असर यस्तो छः नागरिक अधिकारबाट वञ्चित भएकाले र नागरिक समाजको अवधारणाले यी अधिकार पुनर्स्थापित गर्न ध्यान दिएकाले पूर्वी युरोपका जनताले नागरिक समाजमार्फत क्रान्तिको मनको लड्डुलाई त्यागे। यसले राजनीतिलाई सामाजिक रूपान्तरण गर्छ भन्ने विचारलाई असत्य साबित गरिदियो। यति बेलासम्म क्रान्तिले मात्र सबै कुरा गर्छ भन्ने विचार राखिन्थ्यो। “मैले आफूले क्रान्तिको बीउ रोपेको मात्र देखेको छु जुन अपरिहार्य छ यद्यपि यस्तो देख्दा मलाई आनन्द लाग्दैन,” सत्तरी वर्षको उमेरमा सन् १७६४ मा भोल्तेयरले लेखेका थिए। “चट्याङ यति नजिक आइसकेको छ कि यसले हिर्काउनै आँटेको छ। त्यसपछि कोलाहल हुनेछ। युवाहरू भाग्यमानी छन् किनभने उनीहरूले राम्रा कुरा देख्न पाउनेछन्।” तर सन् १९८० को दशकयता नागरिक समाजले क्रान्तिको ठाउँमा कब्जा जमाएको छ। राजनीतिशास्त्रका ठेलीहरूमा नागरिक समाजले ठूलो ठाउँ ओगटेको छ।

* * *

## नागरिक समाजको सान्दर्भिकता

पूर्वी युरोपका सन्दर्भमा आएको नागरिक समाजको आन्दोलनले संसारका अरू ठाउँमा बस्ने मानिसको अवस्थाका बारेमा विद्वान् र जागरुक कार्यकर्ताले राखेको सोचाइमा कसरी प्रभाव पार्‍यो भन्ने कुरा चाखलाग्दो छ। सन् १९८० को दशकको अन्त्य र १९९० को दशकको सुरुमा पुँजीवादी र विकासोन्मुख दुवै ठाउँमा राज्य महत्त्वाकाङ्क्षी छ भन्ने मोह भङ्ग भएपछि यसले एउटा महत्त्वपूर्ण

कामको थालनी गरायो: यसले नागरिक समाजलाई राज्यको वैकल्पिक शक्तिका रूपमा उभ्याउनेतिर ध्यान दिन लगायो । निराशा र क्रोधले राजनीतिक एजेन्टहरूलाई थकित तुल्याएकाले यसो गर्नु अपिहार्य हुँदो हो। 'माथिबाट हुने क्रान्ति' र 'तलबाट हुने क्रान्ति' दुवैले आफ्ना बाचा पूरा गरेनन्। मिश्रित अर्थ प्रणाली अपनाएका, कल्याणकारी, विकासे अथवा समाजवादी जुनसुकै खालका राज्यमा पनि हस्तक्षेपका रूपमा 'माथिबाट हुने' क्रान्तिले यथास्थिति र निर्लज्ज भएर व्यक्तिगत शक्ति जोड्ने कामलाई नै बढावा दिए। राज्यलाई निकम्मा बनाइयो। उपनिवेश भएका ठाउँमा भएका स्वतन्त्रता सङ्ग्राम जस्ता 'तलबाट' हुने क्रान्ति निष्क्रिय भए। राज्यका कुलीनहरूले नवजात नागरिक समाजलाई उठ्नै नसक्ने गरी कुल्चिए।

विकासोन्मुख देशका राज्य आफ्ना जनताको जीवनस्तरलाई न्यूनतम मापदण्डसम्म उकास्न असफल भए। स्वतन्त्रता हासिल गरेका देशका शक्तिशाली कर्मचारी र राजनीतिक कुलीन वर्गले आफू सत्तामा पुगेपछि आफ्नो शक्ति सुदृढ बनाउँदै आफूलाई शक्तिमा पुऱ्याउने आम मानिसको बेवास्ता गरे। भारतमा विद्वान्हरूले भ्रष्ट कर्मचारीतन्त्रको कुरा उठाउनुपर्थ्यो, कर्मचारीभन्दा बढी अनैतिक शक्तिको भोका राजनीतिक नेतृत्वको आलोचना गर्नुपर्थ्यो जो राज्यले सञ्चालन गरेका विकास गतिविधि नराम्रोसँग असफल भएका छन् भन्ने तथ्यप्रति पूर्ण रूपमा बेवास्ता गर्छन्। यी विद्वान्हरूले राजनीतिक दूरदर्शिताको नभएको कुरा उल्लेख गर्नुपर्थ्यो। उनीहरूले निराशा फैलिएकोमा दुःख व्यक्त गर्नुपर्थ्यो। उनीहरूले राज्यले जनताका आवश्यकताप्रति संवेदनशील हुने क्षमता र रुचि गुमाएको कुरा बताउनुपर्थ्यो।

अफ्रिकाका विद्वान्हरूले सैनिक तानाशाह र पितृसुलभ राज्यसत्ताको कठोर आलोचना गरेका थिए। राज्यको शक्तिमा बसेकाले जनतालाई समृद्ध बनाउने होइन आफू समृद्ध हुने अवस्था सिर्जना गरे। राज्यले नागरिक समाजलाई ' निलिदियो'। पूर्वी युरोपमा भएको मखमली क्रान्तिपछि अफ्रिकाका विद्वान्हरूले सक्षम र स्थिर नागरिक समाजले मात्र राज्यलाई जिम्मेवार बनाउन सक्छ, आर्थिक विकास निश्चित गर्न सक्छ र आधारभूत आवश्यकता पूरा हुने अवस्था सिर्जना गराउन सक्छ भन्ने कुरामा विश्वास गरे।

राज्यको महत्त्वाकाङ्क्षासँग मोहभङ्ग भएपछि वामपन्थी र दक्षिणपन्थी दुवै थरीमा नागरिक समाजको अवधारणाले जरो गाड्यो। यसले कर्मचारीतन्त्रको अकुशलता र राजनीतिक बेवास्ताको विकल्प प्रस्तुत गर्ने बाचा गर्‍यो। राज्यमाथि भर पर्न सकिँदैनथ्यो। दशकौँ दशकसम्म स्वच्छन्द ढङ्गले शक्तिको उपयोग गरे पनि राज्य नराम्रोसँग असफल भएको थियो। अफ्रिकामा सन् १९९० को दशकको सुरुमा भएका विरोध आन्दोलनलाई यस महादेशको दोस्रो आजादी भनिएको थियो। ती आन्दोलनलाई पनि राज्यका विरुद्ध नागरिक समाजका रूपमा अर्थ्याइयो। राजनीतिक सिद्धान्तकारहरूले नागरिक समाजको अवधारणालाई किन उठाए भने यसले राज्य र समाजको खास राजनीतिक क्षण समातेको थियो। यो ऐतिहासिक क्षण थियो जति बेला नागरिक समाजले राज्यलाई तह लगाएको थियो।

राष्ट्रवादी सपना बिस्तारै उडेर गयो र प्रजातन्त्रका सम्बन्धमा मध्यमार्ग अपनाइयो। जनता आफैँ उठ्न सकेनन्। गाब्रियल मार्खेजको उपन्यास लभ इन टाइम अफ कलेरामा यस्तो धोखाधडीको अवस्थालाई जति राम्ररी अभिव्यक्त गरिएको छ त्यति राम्ररी औपनिवेशिक कालको अन्त्य भएपछि सिर्जना गरिएका कुनै पनि उपन्यासमा गरिएको छैन। साहित्य समालोचक जीन फ्रान्कोले के भनेका छन् भने यसअघि नै राष्ट्रका बारेमा धज्जी उडाउने खालका लेखन लेखिसकेका मार्खेजले 'निजी' लाई आफ्नो उपन्यास लेखनको केन्द्रमा राखेका छन्। उपनिवेशवादी विरोधी आन्दोलनका बेलामा राष्ट्र निर्माण गर्ने उपन्यासले अब त्यसलाई जानाजान भत्काएको छ। राष्ट्रिय दूरदृष्टिप्रति धोखा दिनेप्रति यसले विद्रोह गरेको छ। यही ऐतिहासिक क्षणमा नागरिक समाजको अवधारणा हाम्रा सामु टुप्लुक्क आइपुगेको छ जसले माथिबाट हुने क्रान्ति र तलबाट हुने क्रान्तिको तेस्रो विकल्प प्रस्तुत गरेको छ।

## नागरिक समाज भनेको के हो ?

नागरिक समाजको अवधारणा स्पष्ट पार्नका लागि म यहाँ तीनवटा बुँदा प्रस्तुत गर्न चाहन्छु। पहिलो, समसामयिक सिद्धान्तमा नागरिक समाजलाई प्रायशः समाजको समानान्तर वस्तुका रूपमा प्रस्तुत गर्ने गरिएको छ। यो

राजनीतिक सिद्धान्तको समग्र परम्पराका लागि अन्यायपूर्ण काम हो। समाजलाई सामाजिक अभ्यासहरूको पूर्णताका रूपमा लिन सकिन्छ जुन अभ्यासले गर्दा कुनै समुदाय बाँचेको हुन्छ र नयाँ समाजको जन्म हुन्छ। नागरिक समाज भनेको यस्तो ठाउँ हो जहाँ राजनीतिक अभ्यासमार्फत राज्यको शक्तिलाई चुनौती दिइन्छ। दोस्रो, ऐतिहासिक रूपमा नागरिक समाज प्रजातन्त्रका आदर्श, पहुँच, सहभागिता, प्रचारप्रसार र जवाफदेहीसँग जोडिएको छ। नागरिक समाजका संस्थाहरूमा एकापसमा सहाचर्य हुनुपर्छ, ती संस्थाहरू प्रतिनिधिमूलक हुनुपर्छ, विचार-विमर्श गर्ने थलो हुनुपर्छ, सामाजिक आन्दोलन हुनुपर्छ र स्वतन्त्र प्रेस हुनुपर्छ। यस थलोका बासिन्दा यसका अधिकारी र कानुनी रूपले परिभाषित नागरिक हुन्। नागरिक समाजका सदस्यको सुरक्षा अधिकारको मामिला हो। यी सबैले गर्दा नागरिक समाज एउटा नर्मेटिभ अवधारणा हो।

तेस्रो, प्रजातन्त्र भनेको मानिस निर्वाचित भएर शक्तिमा पुग्नु मात्र होइन। यो प्राचीन ग्रीकहरूले जे कामलाई राजनीति भन्थे त्यस काममा संलग्न हुन र हस्तक्षेप गर्नका लागि आवश्यक राजनीतिक दक्षता भएका सामान्य मानिससँग सम्बन्धित छ। हाम्रा देशहरूमा आजभोलि राजनीति भन्नाले धेरै नकारात्मक कुरा बुझिने हुनाले मैले राजनीतिसम्बन्धी ग्रीक अवधारणाको कुरा गरेको हुँ। खासमा राजनीति भनेको असल जीवनसम्बन्धी छलफल, वादविवाद र विचार-विमर्श हो। असल जीवन भनेको के हो ? मानिसका लागि के कुरा असल हुन्छ ? राजनीति भनेको सम्बन्ध हो। राजनीतिक भनेको एकअर्काप्रतिको दायित्व हो।

सारांशमा, नागरिक समाज भन्नाले के मान्यता राखिन्छ भने निजी क्षेत्र, घरपरिवार र राज्यका बीचका बासिन्दाहरूले जुनसुकै किसिमका संस्थामा आबद्ध भएर सामूहिक प्रयासमार्फत राज्यमाथि निगरानी राख्नुपर्छ र नीति निर्माणको थालनी गर्नुपर्छ। यसले गर्दा राजनीतिक संवाद रूपान्तरित हुन्छ र कज्याउने चलन अस्वीकृत हुन्छ र नयाँ चलन बस्छ। अर्को शब्दमा आमूल परिवर्तन खोज्ने राजनीतिले आमूल परिवर्तनकारी स्वरूपका राजनीतिक एजेन्ट तयार गर्छ।

* * *

## नागरिक समाजका सीमा

नेपालमा राजतन्त्र विरुद्धको जनआन्दोलन र पाकिस्तानमा सैनिक शासनका विरुद्धमा भएका नागरिक आन्दोलनले अप्रजातान्त्रिक शासनका विरुद्धमा गौरवशाली विजय हासिल गरेका छन्। तर निरङ्कुश शासनबाट मुक्त भएर प्रजातन्त्र प्राप्तिपछि के गर्ने ? दुई थरी कामले नागरिक समाजको आमूल परिवर्तनकारी सम्भावनालाई तुहाइदिएका छन् । पहिलो, नागरिक समाज विकास एजेन्डाको दास बन्न पुग्यो र यसलाई दातृ संस्थाहरूले आफ्नो वशमा पारे। नागरिक समाजको अवधारणा तेस्रो क्षेत्र, नाफा नकमाउने क्षेत्र, समाज सेवक क्षेत्र र आम रूपमा भन्ने हो भने गैरसरकारी संस्थामा सीमित हुन पुग्यो । नागरिक समाज यस्तो एउटा ठाउँ हुनुपर्ने हो जहाँ नागरिकहरूका समूह, पाठक क्लब, संवाद गर्ने मञ्च, सामाजिक आन्दोलन र थरीथरीका नागरिक क्रियाकलापले असल जीवन के हो र यस्तो जीवन प्राप्त गर्नका लागि के गर्नुपर्छ भन्नेबारेमा छलफल र प्रतिस्पर्धा गर्छन्। यो प्रतिवाद र समर्थनको राजनीति गर्ने थलो हो। यो नागरिकलाई राजनीतिक एजेन्टमा बदल्ने थलो हो। त्यसैले यो आमूल परिवर्तनकारी राजनीति गर्ने थलो हो। तर आजभोलि नागरिक समाज भन्नाले गैरसरकारी संस्था भन्ने अर्थ लाग्न थालेको छ। यसले आफैँभित्र असङ्गति पैदा गरेको छ। सामान्य नरनारीलाई इतिहास बनाउने मौकाबाट वञ्चित गरिएको छ।

मैले गैरसरकारी क्षेत्रको भूमिकालाई अस्वीकार गरेको होइन। केही गैरसरकारी संस्थाहरूले विकासोन्मुख देशका गरिब मानिसका समस्या समाधान गर्न नौला काम गरेका छन्। पानी सङ्कलन गर्ने तरिका अथवा प्राकृतिक किसिमले खानेकुरा उब्जाउने तरिका सिकाएर, अथवा राज्यले पुऱ्याउन नसकेका सेवा पुऱ्याएर अथवा उदाहरणीय शैक्षिक कार्यक्रम चलाएर उनीहरूले उत्कृष्ट सेवा प्रदान गरेका छन्। विकासोन्मुख देशका सरकारले आफ्ना नागरिकलाई असल जीवन बिताउन चाहिने आधारभूत पूर्वाधार तयार गर्न नसकेका बेलामा गैरसरकारी क्षेत्रले सेवा प्रदान गर्ने काममा देखिएको ठूलो खाडल पुरेको छ।

तर यो काम भएपछि आमूल परिवर्तनकारी राजनीति गर्नुपर्दैन र? गैरसरकारी संस्था यस काममा संलग्न हुँदा उनीहरूले सेवा प्रदान गर्ने मानिसको राजनीतिक क्षमता बढेको छ कि घटेको छ ? धेरै गैरसरकारी संस्थाहरूमा सामूहिक जीवन व्यवस्थापनका काममा लागेका विशेषज्ञ काम गरिरहेका छन्। उनीहरू हामीले भन्ने गरेको सामान्य खालका राजनीतिमा समेत लागेका छैनन्, आमूल परिवर्तनकारी राजनीतिको त कुरै छाडौं। गैरसरकारी संस्थाको यो पक्ष दु:खदायी छ। माथि भनिएझैं जब सामान्य नरनारी आफ्नै इतिहास बनाउने राजनीतिमा लाग्छन्, इतिहास बनाउने काम जतिसुकै नराम्रो किसिमले गरे पनि, उनीहरूले आफ्नो क्षमता बढाएका हुन्छन्।

हो, राजनीतिक पहललाई गैरसरकारी संस्थाहरूले हाइज्याक गर्दा र मानवलाई राजनीतिक चिन्तनको विषय बनाउँदा अथवा मानिसलाई गैरसरकारी संस्थाले प्रदान गर्ने सेवाका उपभोक्तामा सीमित गर्दा आमूल परिवर्तनकारी राजनीतिको अवधारणाको बेहाल हुन्छ। एकदमै सदासयी गैरसरकारी संस्थालाई पनि हामीले यी प्रश्न सोध्नैपर्छ: एजेन्डा तय गर्ने बेलामा कोसँग परामर्श गरियो ? कहिले गरियो ? स्थानीय मानिससँग परामर्श कसरी गरियो ? कुन प्रक्रिया अपनाएर परामर्श गरियो ? गैरसरकारी संस्थाले आम मानिस र उनीहरूका आवश्यकताको प्रतिनिधित्व गर्छन्? अथवा उनीहरू ती मानिसको व्यवस्थापन गर्छन् जसले उनीहरूका एजेन्डालाई प्रभावित पार्ने झिनो अवसर पनि पाउँदैनन्? नागरिक समाजका यी तत्वहरूले गरेका कामको विवरण हेर्‍यो भने हाम्रो शङ्का अरु गहिरो हुन जान्छ। विकासोन्मुख मुलुकका मानिसलाई कस्तो किसिमको विकास दिनुपर्छ, उनीहरूले कस्ता किसिमको शिक्षा पाउनुपर्छ, कस्तो किसिमको प्रजातन्त्र संस्थागत गर्नुपर्छ, उनीहरूले कस्ता माग गर्नुपर्छ र सशक्त हुनका लागि उनीहरूले के गर्नुपर्छ भन्ने कुरा पनि यी गैरसरकारी संस्थाहरूले लाद्ने गर्छन्। राजनीतिक पहल गर्नका लागि आम मानिस सक्षम हुन्छन् भन्ने धारणालाई गलत साबित गर्न खोजिँदैछ। स्थानीय र राजनीतिक एजेन्डालाई खास गैरसरकारी संस्थाको एजेन्डाको हितमा उपयोग गरिएको छ।

यसबाहेक, आधुनिक राजनीतिको अवधारणा आएयता के मान्यता राखिएको छ भने निर्वाचित प्रतिनिधिले नीति बनाउँदा अथवा आवश्यक पर्ने नीति नबनाउँदा उनीहरू नागरिकप्रति उत्तरदायी हुन्छन्। अहिले गैरसरकारी संस्थाहरूले हाम्रो जीवनमा अस्वाभाविक किसिमले ठूलो भूमिका खेलिरहेका छन् । तर ती गैरसरकारी संस्थाहरू हाम्रा विधेयक जस्ता निर्वाचित निकाय होइनन् ।

भविष्यमा पनि उनीहरू निर्वाचित हुने सम्भावना छैन किनभने उनीहरूले त्यस्तो म्यान्डेट पाएका छैनन्। यी संस्थाहरूले जतिबेला आफूले काम गरेको क्षेत्रको प्रतिनिधित्व गर्दै निर्णय प्रक्रियामा भाग लिएका हुन्छन् र वकालती राजनीतिमा लागेका हुन्छन् त्यति बेला तिनीहरू आफूले प्रतिनिधित्व गरेको क्षेत्रप्रति उत्तरदायी भने हुँदैनन्। आश्चर्यलाग्दो कुरा के छ भने धेरै गैरसरकारी संस्थाहरूमा आम मानिसको प्रतिनिधित्वको कल्पनै गर्न सकिँदैन। उनीहरू जनताप्रति जवाफदेही हुने कुरा सपनामा पनि सोच्न सकिँदैन। यसरी अख्तियार पाएकाहरू प्रजातान्त्रिक भावनाप्रति उत्तरदायी हुनुपर्छ भन्ने अवधारणालाई गम्भीरतापूर्वक लत्याइएको छ। आम मानिसको प्रतिनिधित्व नभएको र उनीहरूप्रति उत्तरदायी नभएका संस्था अथवा व्यक्तिले गर्ने वकालतको राजनीतिले अनुभवका आधारमा गरिने आत्मनिर्णयकारी र सशक्तीकरणका कामलाई विस्थापन गर्न सक्दैन ।

यस्तो प्रक्रिया अपनाएर आफूले गर्नुपर्ने काम नगर्ने विकासोन्मुख देशका सरकारलाई जोगाइएको छ। जागरुक नागरिकहरूले जति बेला विकासोन्मुख देशका सरकारलाई काम गरेन भनी सार्वजनिक रूपमा आलोचना गर्छन् अनि राजनीतिक कार्यकर्ताले जति बेला सरकार भ्रष्ट भयो, यसले काम गरेन र यो असंवेदनशील भयो भनी प्रचार गर्छन् त्यति बेला गैरसरकारी संस्था यस मैदानमा पस्छ र सरकारले गर्ने कामको ठेक्का आफू लिन्छ। यस प्रक्रियामा उसले काम नगर्ने सरकारको बचावट गर्छ, सरकारले काम नगर्नुलाई उचित साबित गर्छ। त्यति मात्र होइन, सरकारले नागरिकका लागि गर्नुपर्ने काम नगरेकाले उत्पन्न भएका राजनीतिक असन्तुष्टिलाई थामथुम पनि पार्छ । निचोडमा, दक्ष पेसेवरहरू आफू पनि जनताप्रति उत्तरदायी हुँदैनन्, सरकारलाई पनि जनताप्रति उत्तरदायी नभए पनि हुने अवस्था सिर्जना गर्छन् ।

यस अवस्थामा हाम्रासामु यी प्रश्न खडा भएका छन्: गैरसरकारी क्षेत्रले कतिसम्म उपलब्धि हासिल गर्न सक्छ ? नागरिक समाजले गर्ने हस्तक्षेपका सीमा के हुन् ? विकासोन्मुख मुलुकका नागरिकलाई गरिबी र अभावबाट मुक्त गर्न चाहिने स्रोतसाधन नागरिक समाजले जुटाउन सक्दैन। यो काम सरकारले मात्र गर्न सक्छ। करको दायरा बढाएर राजस्व उठाउने कामलाई प्रभावकारी बनाएर उसले यो काम गर्न सक्छ। अरु महत्त्वपूर्ण कुरा के हो भने गैरसरकारी संस्थाले समाजका सम्पन्न वर्गले भोगिरहेका स्रोतसाधन विपन्न वर्गलाई दिने न्यायपूर्ण पुनर्वितरणको काम गर्न सक्दैन। अनि, नीति कार्यान्वयन गर्ने निकायको स्थापना र सुदृढीकरण गर्ने काम पनि गैरसरकारी संस्थाले गर्न सक्दैन। यो काम नागरिक समाजको कार्यक्षेत्रभन्दा बाहिर पर्छ। गैरसरकारी संस्थाले सामाजिक र आर्थिक अधिकारका लागि वकालत गर्न र जनमत परिचालन गर्न सक्छ तर यी अधिकार जनताले पाउँछन् कि पाउँदैनन् भन्ने कुरा धेरै हदसम्म शासन संरचना कस्तो छ भन्ने कुरामा भर पर्छ।

नागरिक समाजको वर्तमान अवतारले नागरिकको जागरुकतालाई मासेर त्यसका ठाउँमा पेसेवर र धेरै पैसा भएका संस्थालाई स्थापित गरेको छ जो न त जनताका प्रतिनिधि हुन् न त जनताप्रति उत्तरदायी छन्। यस प्रक्रियामा इतिहास बनाउने राजनीतिमा संलग्न नागरिकको हैसियत गिराएर उनीहरूलाई बनिबनाउ एजेन्डा उपभोग गर्ने उपभोक्तामा झारिएको छ। नागरिक समाजलाई नागरिकलाई शक्तिशाली बनाउने प्रक्रियाबाट अलग्याइएको छ, नागरिक समाजका गतिविधिमा नागरिक जागरुकता र उनीहरूको संलग्नता घटाइएको छ र आफ्नो आवाज सुनियोस् भनी राजनीतिक प्रतिवाद गर्ने उनीहरूको क्षमतामा ह्रास आएको छ।

नागरिक समाजको प्रजातान्त्रिक र आमूल परिवर्तनकारी क्षमता घटाउने अर्को तत्व हो नागरिक समाज विभिन्न पहिचान समूहका रूपमा विभाजित भई हरेकले आफ्ना समूहका सदस्यको भाग खोज्नु। यो दु:खदायी कुरा हो किनभने यसले आत्मीयता कायम हुन दिँदैन जुन नागरिक समाजको आत्मा हो। निश्चित जात वा समुदायमा जन्मिएका नागरिकलाई सामाजिक र सांस्कृतिक

चालचलनमार्फत तल्लो दर्जा दिने हाम्रो जस्तो समाजमा आफ्नो पहिचानलाई सही मूल्याङ्कन गर्न लगाउने सङ्घर्षमा लाग्नु एकदमै महत्त्वपूर्ण कुरा हो ।

नागरिक समाजभित्र मान्यता र पुनर्वितरण दुवै चीजका लागि सङ्घर्ष हुनुपर्छ। मान्यता लिने सङ्घर्षले पुनर्वितरण गर्नका लागि गरिने सङ्घर्षलाई ओझेलमा पारेका खण्डमा नागरिक समाज खण्डित हुन्छ। यसले नागरिक समाजलाई विभाजित गर्न चाहने सरकारलाई फाइदा पुऱ्याउँछ। त्यसैले नागरिक समाजका प्रजातान्त्रिक समूहले पुनर्वितरण र मान्यताका बीचमा सन्तुलन कायम गरी प्रजातान्त्रिक आन्दोलनलाई एकताबद्ध बनाउनुपर्छ। अन्यथा, नागरिक समाजको पतन भई यसले आपसमै प्रतिस्पर्धी समूहको स्वरूप धारण गर्छ। यसले न त सरकारसँग लड्न सक्छ न त आफ्नै समूहभित्रका अप्रजातान्त्रिक समूहसँग।

अन्त्यमा, नागरिक समाज सबै थोक होइन, यसले सबै थोक गर्न सक्दैन भन्ने यथार्थलाई हामीले स्वीकार्नुपर्छ। नागरिक समाजका मानिसले नीति बनाउने काम गर्दैनन्, ती नीति कार्यान्वयन गर्ने काम पनि उनीहरूको होइन। नागरिक समाजका मानिसहरूको काम सुसूचित जनमत तयार गर्नु, त्यसलाई मलजल गर्नु र फैलाउनु हो जसले नागरिक जागरुकतामार्फत नीति निर्माण र कार्यान्वयनमा प्रभाव पार्छ। नागरिक समाजले नीतिको कार्यान्वयन ठीकसँग भएको छ कि छैन भनेर निगरानी राख्नुपर्छ। कानुनको ज्ञान र चातुर्य भएका ख्यातिप्राप्त आइरिस वक्ता तथा बेलायती संसदका सदस्य जोन कुर्रान (१७५०-१८१७) ले सन् १७९० मा बडो परखका साथ के भनेका थिए भने 'निरन्तर निगरानी राख्ने सर्तमा मात्रै भगवान्‌ले मानव जातिलाई आजादी दिएका हुन्।' राजनीतिले नागरिक समाजलाई सुम्पिएको जिम्मेवारी पनि यही हो।

> "नागरिक समाजहरूको काम सुसूचित जनमत तयार गर्नु, त्यसलाई मलजल गर्नु र फैलाउनु हो जसले नागरिक जागरूकतामार्फत नीति निर्माण र कार्यान्वयनमा प्रभाव पार्छ।"

सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने हामीले राज्यको दायित्वमा जोड दिनुपर्छ। राज्यसँग मानवले भोगिरहेका दुःखकष्ट हटाउनका लागि न्यायपूर्ण रीतिथिति

बसाल्ने शक्ति र जनादेश छ । त्यति मात्र होइन यसो गर्ने जिम्मेवारी पनि उसको हो । प्रजातान्त्रिक राज्यले कुनै निर्णय गर्दा हामी जनताका तर्फबाट गर्छ, त्यो निर्णय हामी जनतामा थोपर्छ र उसले यस्ता निर्णयलाई वैध बनाउँछ । किन अन्याय गरिस् भनेर राज्यलाई सोध्ने अधिकार हामी नागरिकसँग छ । राज्यका नीतिलाई चुनौती दिने अधिकार हामी नागरिकसँग छ । राज्य आफ्नो कर्तव्यबाट च्युत भयो र उसले हानि हुने खालका काम गऱ्यो भने त्यसलाई सच्याउन बाध्य बनाउने अधिकार पनि हामी नागरिकसँग छ । राज्यले राज्य अक्षम भएकाले, भ्रष्टाचार फैलिएकाले र नागरिकका आवश्यकता र चाहनाप्रति राज्य असंवेदनशील भएकाले सिर्जना भएका समस्या समाधान गरिदेऊ भनेर गैरसरकारी संस्थालाई गुहार्न मिल्दैन । राज्य भनेको शक्ति केन्द्रित भएको निकाय हो । साथै यो आम मानिसका चाहना ठोकिने ठाउँ पनि हो । यो यस्तो ठाउँ पनि हो जहाँ राजनीतिक कार्यक्रम सम्पादन गरिन्छन् । राज्यले आम मानिसका चाहनालाई ध्यान दिनुपर्छ किनभने त्यसो गरेका खण्डमा मात्रै राज्यले वैधता पाउँछ, उसलाई जनताले स्वीकार्छन् । राज्य आम मानिसका चाहनाका बीचमा बसिरहने हो भने उसले त्यो हैसियत बमोजिमको काम गर्नैपर्छ ।

यसको मतलब नागरिक समाजको महत्त्व छैन भन्ने होइन । नागरिकको जागरुकता, सतर्कता, सुसूचित जनमत, स्वतन्त्र सञ्चारमाध्यम, सामाजिक संस्थाहरूमा बहुलता प्रजातन्त्रका लागि नभई नहुने कुरा हुन् । राजनीतिक अभिजात वर्गलाई आफ्ना प्रतिबद्धता र जिम्मेवारीबाट पतन हुन नदिने काम जिउँदो जाग्दो नागरिक समाजले मात्र गर्न सक्छ । यति बेला नागरिक समाजमा जिउँदो जाग्दोपन ल्याउनु परेको छ जसले गर्दा यथास्थितिलाई उल्लेखनीय चुनौती दिने कामको सङ्कल्प गरी सामूहिक प्रयासमार्फत त्यसलाई कार्यान्वयन गर्न सकियोस् ।

*एलायन्स फर सोसल डायलग (एएसडी) द्वारा १२ सेप्टेम्बर २०१२ मा काठमाडौंमा आयोजित सभामा प्रोफेसर नीरा चन्डोकद्वारा दिइएको व्याख्यानको पूर्ण पाठ ।*

# दक्षिण एसियामा नेतृत्व

## नेतृत्वबाट नेतागिरी

"नेतृत्वले विश्वसनीयतामा जोड दिन्छ र त्यो निष्कपट तथा हदैसम्मको सत्यनिष्ठ हुन्छ । नेतागिरी लोकप्रियता खोज्छ, यो दुईजिब्रे र कपटी हुन्छ । नेतृत्वका अनुयायीहरु हुन्छन्, नेतागिरीका अभिकर्ताहरु हुन्छन् ।"

# दक्षिण एसियामा नेतृत्व

## नेतृत्वबाट नेतागिरीः नेता र राजनीतिकर्मीबीचको भेद

– गोपालकृष्ण गान्धी

म एउटा काल्पनिक संवादबाट आजको प्रवचन सुरु गर्न चाहन्छु। त्यो संवाद मेरो र यहाँ उपस्थित कुनै पनि व्यक्तिबीच हुन सक्छ।

*के तपाईं दक्षिण एसियाली नेता हुनुहुन्छ ?*

होइन, होइन। दक्षिण एसियाली त हुँ, तर 'नेता' भने होइन।

*उसो भए, सायद असफल नेता पो हुनुहुँदो हो कि ?*

होइन बाबा, मैले नेता हुने प्रयास कहिले पनि गरिनँ।

*ए, अभिलाषी नेता हुनुहुन्छ क्यार ?*

होइन, तर सबैको प्रशंसा वा वाहवाह पाउने वा भनौँ अगुवा बन्ने सपना नदेखेको चाहिँ होइन।

*अगुवा ? कस्तो अगुवा ?*

फसाद नै त्यसैको छ। खासमा कुनै कुराको अगुवा होइन। मेरो कुनै खास ध्येय नै छैन।

*कुनै ध्येय छैन? वाहवाही र प्रशंसा कमाउनेबाहेक तपाईंको कुनै उद्देश्य छैन?*

यस कुराबाट परिचित हुनुहुन्छ र यो सुनेर तपाईंलाई दिक्क पनि लाग्न सक्छ, मलाई थाहा छ।

*हो, थाहा छ। यतिका नेता छन्, तर उनीहरूलाई वाहवाही कमाउनु र मान्छे पछि लगाउनुबाहेक केही मतलब छैन।*

हो, त्यही भनेको। नेताहरू जो ताली चाहन्छन्, तालीको गडगडाहट चाहन्छन् र झन् ठूलो गडगडाहट चाहन्छन्। त्यसपछि नारा, जुलुस, पोस्टर, ऱ्याली, भाषण मञ्च चाहन्छन्। आफूपछाडि समर्थकहरूको झुन्ड चाहन्छन्, तिनले आफूलाई माथि उचालेको, आफूलाई पत्याएको र सत्तामा पुऱ्याएको हेर्न चाहन्छन्।

*तपाईंलाई पत्याउने आधार के? जनतामाझ तपाईंले ठाउँ बनाउन पाउने अधिकार के हो?*

त्यस्तो मसित केही पनि छैन। तर पारिवारिक इतिहास भन्ने हुन्छ नि त्यसले धेरै कुरा बताउँछ।

*ए, तपाईंको परिवारमा नेताहरू थिए, त्यसैले तपाईं पनि नेता बन्न चाहनुहुन्छ, होइन?*

त्यसै भनी बुझ्नुहोस् न। वास्तवमा कुरा त्यही हो।

*उसो भए, नेता परिवारको सदस्य भएपछि नेतृत्वमा हक लाग्छ भनेको हो?*

होइन, त्यस प्रकार कसैको हक लाग्दैन। राजनीतिक परिवारमा जन्मदैमा कसैलाई राजनीतिमा प्रवेश गर्ने अधिकार हुँदैन। तर दक्षिण एसियामा यस्तै परम्परा चलेको छ। यो परम्परा त्यति पुरानो त होइन, तैपनि यो स्थापित

भइसकेको छ। अनि यो परम्परा राजनीतिमा मात्र होइन अन्य क्षेत्रमा पनि स्थापित भइसकेको छ। यसलाई 'जन्मका आधारमा माथि उक्लने' परम्परा पनि भन्न सकिन्छ।

*अँ, अ'सेन्ट बाई डि'सेन्ट। यो कुरा मलाई मन पर्‍यो त। तर अङ्ग्रेजीमा अ'सेन्ट भनेको उक्लनु या चढ्नु हो र डि'सेन्ट भनेको ओर्लनु हो। के उसो भए तेन्जिङ शेर्पाले सगरमाथाबाट ओर्लेर त्यसमा चढेका हुन् त?*

यहाँ मैले "डि'सेन्ट" भन्नुको तात्पर्य वंशपरम्परा हो। पर्वत चढ्ने परम्परा र सीप तेन्जिङको रगतमै थियो, उनको डी.एन.ए.मै थियो। हो कि होइन? त्यसैले उनको वंशपरम्पराले ठूलो भूमिका खेलेको पक्कै थियो। त्यसैले उनलाई उचाल्यो, ठेल्यो र टुप्पामा नपुगेसम्म घचेटिरह्यो।

*हुन सक्छ। उनको डी.एन.ए.मा त्यो थियो, पक्का हो। तर उनी भिडे र लागिपरे। उनले आफ्ना हाड, छाला र मांसपेशीका एक-एक तन्तु त्यसमा घोटे। आफ्नो मन-मस्तिष्क र शरीरलाई त्यसमा लगाए। उनलाई कसैबाट कुनै लाभ मिलेको थिएन। बरु त्यसको विपरीत तेन्जिङको कथा एक व्यक्तिले प्रत्येक पाइलाका लागि सङ्घर्ष गर्नु परेको कथा हो। त्यो एक व्यक्तिको अथक परिश्रमको कथा हो। त्यो उनी आफैँले प्राप्त गरेको सफलता हो।*

तपाईंले ठीक भन्नुभयो। तेन्जिङ वास्तवमै नेतृत्वको प्रतिमूर्ति थिए। नेतृत्व दिनु भनेको के हो त्यो उनको जीवनले बताउँछ। जवाहरलाल नेहरूले भनेका थिए भाग्य भन्ने कुरा हुन्छ, त्यसलाई आफैँले खेलाउनु सक्नुपर्छ। त्यसलाई कसरी खेलाउनुहुन्छ त्यसैमा सफलता पनि निहित हुन्छ।

## बृहत्तर परिवार

यस काल्पनिक कथोकथनपछि, अब म दक्षिण एसियामा स्थापित नेतृत्वसम्बन्धी केही तथ्य र केही पक्षबारे चर्चा गर्न चाहन्छु। हामी दक्षिण एसियालीहरूले जुन

नेताहरू पाएका थियौँ त्यसका लागि आफैँलाई स्याबासी दिन सक्छौँ र स्याबासी दिनु पनि पर्छ। ती नेताहरू संसारकै उत्कृष्ट र महान् नेताहरूमध्येका थिए। हामी जब 'नेता' भन्ने शब्द प्रयोग गर्दछौँ त्यस बेला राजनीतिभन्दा धेरै पर तथा माथिल्लो तहका कुरा गरिरहेका छौँ भन्ने बुझ्नुपर्छ। त्यस बेला हामी यस्तो व्यक्तिका बारे कुरा गरिरहेका हुन्छौँ जो बाटो नभएको ठाउँमा बाटो बनाउँछ, यस्तो बाटो जो केवल बाटो नभएर आफैँमा एउटा विश्व पनि हो। यस्तो बाटो जो नवीन चेतना र नवीन समझदारी हो। यस्तो बाटो जो नवीन आस्था हो जसले हाम्रा भित्री र बाहिरी दुवै संसारलाई राम्रो बनाउन सकिन्छ।

गौतम बुद्धको एउटा कथा छ। उनी सिद्धी प्राप्त गरेपछि आफ्ना अनुयायीहरूको लस्करसहित पहिलो पटक कपिलवस्तु आउँदा यशोधरा र बालक राहुलले उनलाई राजप्रासादको बार्दलीबाट हेरिरहेका थिए। 'तिनमा कुनचाहिँ मेरा पिता हुन् ?', राहुलले आफ्नी आमालाई सोधे। जवाफमा युवराज्ञीले 'बायाँतिरबाट पहिलो' वा 'कपाल चुल्ठो पारेका' जस्ता सामान्य विवरण दिइनन्। उडिरहेको धुलोको बादलमात्र निहार्दै उनले भनिन्, 'पुत्र, जो सिंहझैँ हिँडिरहेका छन् तिनै तिम्रा पिता हुन्।'

बुद्ध जस्ता नेता संसारले कहिल्यै पाएको थिएन र मेरो विचारमा कहिल्यै पाउने पनि छैन र उनी यसै भूमिमा जन्मेका थिए। मनै बदलिदिने दृष्टि, दुःखका कारणहरूको समीचीन व्याख्या र दुःखलाई निराकरण गर्ने उपायहरूद्वारा उनी आज पनि अगुवाइ गरिरहेका छन्। नोबेल पुरस्कारद्वारा सम्मानित दुई जीवित आत्माहरू बुद्धबाटै आफ्ना आन्तरिक शक्ति तथा ऊर्जा प्राप्त गर्छन् र ती दुवै दक्षिण एसियाली हुन्। ती हुन् दलाई लामा र आङ सान सु की। यी दुवैमा सिंह वा सिंहिनीका गुणहरू छन्।

जब कुनै युवराज आफ्नो राजमहल त्यागेर उपदेशक बन्छ, जब कुनै धर्मगुरुले आफ्नो उच्चासन छाडेर निर्वासनमा जान पर्छ, जब कुनै जन्मजात अगुवा आफ्ना जनतालाई नेतृत्व गर्नबाट प्रारब्धबाट वञ्चित हुन्छ त्यस्तो बेलामा हामी आरोह होइन एक प्रकारको अवरोह भएको देख्दछौं अर्थात् अचानक उत्पन्न भएको

प्रतिकूलता देख्दछौँ। तर त्यही प्रतिकूलतामा वा अवरोहमा एउटा यस्तो उभार पनि देख्दछौँ जसले एक 'अदना' व्यक्तिलाई नेतामा परिणत गरिदिन्छ। केही घटनाक्रम र ऐतिहासिक सन्दर्भहरूका रुमानी पक्षको कहिलेकाहीँ बढ्तै बढाइचढाइ हुने गर्छ, तर त्यसबाट हामीले जादुमयी व्यैयक्तिक क्षणहरूलाई बिर्सन हुन्न।

मैले यस्तै केही कुरा दक्षिण अफ्रिकाको पिटरमारिट्जबर्गमा बोलेको थिएँ र आज पनि म त्यही कुरा यहाँ दोहोऱ्याउँछु। आजभन्दा १२० वर्षअघि पिटरमारिट्जबर्गमा एक जना भारतीयलाई रेलबाट घोक्रचाइयो। त्यहाँ दक्षिण अफ्रिका पुगेको दक्षिण एसियाको एक भारतीय गिऱ्यो। तर को उठ्यो ? त्यस गिराइबाट को माथि चढ्यो ? आफ्ना विवेकलाई प्रयोग गर्दै अदभुत सङ्कल्पका साथ एक राजनेता उठ्यो। गान्धी लडे रेलको टिकट लिएर जसलाई कसैले वास्ता गरेन; तर उनी उठे यस्तो आवाज लिएर जसलाई कसैले बेवास्ता गर्नै सकेन। रेलयात्रीका रूपमा उनी लडे, तर देशभक्त भएर उठे; लड्दा उनी वकिल थिए तर उठ्दा उनी क्रान्तिकारी भएर उठे। उनले लड्ने कानुनी मुद्दा उनको राजनीतिक अभीष्ट बन्यो, उनको मानवीय सदाचार मानवीय गरिमा र मानवीय न्यायप्रतिको आशक्तिमा रूपान्तरित भयो। त्यस क्षण व्यक्तिको ठाउँ एक नेताले लियो जसले प्रस्तुत गरेको उदाहरणले उपनिवेशवाद र साम्राज्यवादको साङ्ला तथा हामीकहाँ विद्यमान शोषणको दाम्लालाई चुँडालेर दक्षिण अफ्रिकामा मात्र होइन पूरै अफ्रिकामा परिवर्तन ल्यायो, दक्षिण एसियामा मात्र होइन पूरै एसियामा परिवर्तन ल्यायो।

"अ'सेन्ट बाई डि'सेन्ट"को अर्थ सार्वजनिक भूमिकामा मास्तिर उक्लने मात्र होइन पारिवारिक सम्बन्ध र वंशानुगत भूमिकाबाट बिल्कुलै फरक व्यवहार गर्नु पनि हो। दक्षिण एसियामा राजनीतिक क्षेत्रमा बाहेक अन्य क्षेत्रमा पनि पारिवारिक कारणबाट जन्मेका नेताहरू छन्। तर दक्षिण एसियाले नै संसारलाई नयाँ जागृतिको अर्थमा साँचो नेतृत्व अन्य खालका 'तल झराइ'बाट आउन सक्छ भन्ने देखाएको छ। अर्को शब्दमा भन्ने हो भने यो तत्कालको र प्रणालीगत प्रतिकूलताबाट आउँछ। त्यो चुनौती हो अनुकूलता होइन, त्यो हन्डर हो, सहुलियत होइन ।

'परिवार' शब्दको अर्थ पनि लचिलो छ। मानिसको परिवार हुन्छ जसमा ऊ जन्मेको हुन्छ, जसलाई खानदान वा कुल भनिन्छ। त्यसपछि उसको अर्को ठूलो परिवार जात-बिरादरीको हुन्छ जसको ऊ सदस्य हुन्छ, त्यसपछि त्यस्ता समुदायहरूको सङ्घ हुन्छ आदि आदि। तसर्थ 'वंशानुगत' भन्ने शब्दले एउटा लचिलो अर्थ बोकेको छ। त्यसको बृहत्तर अर्थमा दक्षिण एसियाले उदेकलाग्दा सामुदायिक नेताहरू जन्माएको छ।

दुई पुरुषहरूको नाम तत्काल मेरो मगजमा आउँछ। उनीहरूले आफ्ना कुल परिवार र समुदायले भोग्नु परिरहेको अप्ठ्याराहरूलाई गहिरोसित बुझेका थिए। उनीहरूका तर्फबाट हामी संसारलाई भन्न सक्छौँ, 'हामीसित शक्ति छैन, हामी धनी छैनौँ, तर हामीलाई बेवास्ता नगर। हाम्रो सामर्थ्य र आफ्नो आवाज सुनाउने हाम्रो सङ्कल्पलाई चानचुने नठान।' म खान अब्दुल गफ्फार खाँको उल्लेख गर्छु जो 'बादशाह' कहलिए। पठानहरूको हितमा उनी बोल्थे। तर उनी पठानहरूका मात्र बादशाह थिएनन् । अनि भीमराव आम्बेदकर, जो 'बाबासाहेब' कहलिए, उनले प्रतिनिधित्व गर्ने दलितहरूका लागि मात्र होइन सम्पूर्ण भारतकै लागि उनी बाबासाहेब थिए। यी दुवैले आफ्ना खास गुणहरूका आधारमा बृहत्तर दृष्टिकोण र फराकिलो मार्ग निर्माण गरे।

वंशानुक्रम भनेको सानो वा ठूलो जुनसुकै परिवार वा वंशभित्र हुने जन्मको संयोग हो। वंशानुक्रमले दक्षिण एसियामा नेतृत्वको निर्माणमा निकै ठूलो भूमिका खेल्छ। यसको भूमिका निकै गम्भीर पनि छ। सायद संसारको अन्य भागमा यसको यति ठूलो भूमिका नहोला। दक्षिण एसिया जिउनका लागि र राम्रोसित जिउनका लागि तथा गरिमा र न्यायका लागि लड्नु र भिड्नुपर्ने मैदान हो। हामी हरेक जना कुनै न कुनै राजनीतिक परिवारमा, कुनै न कुनै राजनीतिक परिस्थितिमा र कुनै न कुनै राजनीतिक सन्दर्भमा जन्मिएका हुन्छौँ। हामी राजनीतिकर्मी हौँ या नहौँ हामी राजनीतिक एकाइ जरुर हौँ। त्यस अर्थमा हामी सबै अभिलाषी नेता, असफल नेता, निराश नेता, सन्तुष्ट नेता, क्रुद्ध नेता, नक्कली नेता, सक्कली नेता, महान् र आदर्श नेता हौँ र हुन सक्छौँ। अथवा हामी यस्ता कुनै पनि खालका नेता नभए पनि हामी

हामीले नेतृत्व दिने वा नेतृत्व दिएको दाबी गर्नेलाई पछ्याउन सक्छौँ, तिनको समर्थन गर्न सक्छौँ, तिनको विरोध गर्न सक्छौँ, तिनलाई अधिकार सम्पन्न बनाउन सक्छौँ र तिनलाई अधिकारविहीन पनि बनाउन सक्छौँ। अनि नेपालले नेतृत्वविहीन हुँदाहुँदै पनि कसरी 'सामान्य जन' को प्रबल शक्तिले सत्तामा रहेकोलाई हटाउन र शासन सत्ताको प्रकृतिलाई नै बदलिदिन सक्छ भन्ने देखाएको छ । राजतन्त्रलाई गणतन्त्रमा फेरिदिएको छ । दक्षिण एसियामा अन्यत्र यस्तो उदाहरण देखिएको छैन ।

## दक्षिण एसियाका अग्रजहरू

दक्षिण एसियामा वंशानुक्रम र नेतृत्वबीचको सम्बन्ध वास्तवमा जन्मजात जोडिएको छ। तर 'परिवारको नेतृत्व'को अर्थमा होइन। वंशानुक्रमको सम्बन्ध परिवारहरूसित छ । यो वंशानुक्रम समग्र जनताको सामुदायिक परिवार हुन सक्छ । कसैले पनि आफ्नो जन्मलाई निर्धारण गर्न सक्दैन । त्यसैले कोही राजनीतिक परिवारमा जन्मेको भए पनि जन्मका बेला राजनीतिक उद्देश्य र आकाङ्क्षाबारे ऊ अबोध हुन्छ । राजकुलमा जन्मेको भए पनि ऊ राजतन्त्र र गणतन्त्रका गुणहरूबारे अनभिज्ञ हुन्छ । त्यति हुँदाहुँदै पनि राजनीतिक परिवारमा जन्मेकाहरूका लागि राजनीति भनेको पूर्वनिर्धारित प्रारब्ध बन्न जान्छ। यो नौलो घटना होइन। ब्रिटिस भारतमा स्वतन्त्रताको सङ्घर्ष हुँदाको बखत यस्तै भएको थियो । दक्षिण एसियाको राजनीतिक रङ्गमञ्चमा हामी पिता-पुत्र, दाजुभाइ, पति-पत्नी र पिता-पुत्रीको जोडी देख्दछौँ । यस प्रकार नेताका छोराछोरी सुरुदेखि नै छोटा नेता बन्दछन् ।

स्वाधीनताअघिको समयमा एकअर्काका पूरक केही यस्ता राजनीति जोडीहरू थिए जो एकअर्कासित सहक्रिया गर्थे र एकअर्काको परिपूरक थिए। त्यस्तो जोडीलाई उस बेला कसैले पनि अन्यथा ठानेनन् । बरु त्यसलाई सहज र प्रशंसायोग्य देखे। यसको सबभन्दा सुहाउँदो उदाहरण त मोतीलाल र जवाहरलाल नेहरूकै छ । त्यसपछि अनेकौँले त्यसको अनुसरण गरे ।

दक्षिण एसियामा गृहस्थी र कार्यक्षेत्रको सीमाङ्कन प्रस्टसित कोरिएको पाइँदैन। त्यसै हुनाले राजनीतिकर्मीको परिवार प्राय:जसो राजनीतिक अभियान, विरोध आन्दोलन, घोषणापत्र र चुनावको संसारमा धकेलिन्छन् । हाम्रा नेताका छोराछोरीहरूका मनमा 'नियति' र स्वाभाविक उत्तराधिकारको भावना भर्ने अनुयायी र समर्थकहरूको कमी छैन (वास्तवमा तिनीहरू राजनीतिक परजीवी र चाटुकारहरू हुन्)। हामी राजनीतिक नेतृत्वलाई झन्डै-झन्डै राजाहरूकै ढाँचामा आफ्ना छोराछोरी र नातिनातिनीका हातमा सुम्पने राजनीतिक नेताहरूबारे हतारमा फैसला गर्छौं र तिनको आलोचना गर्छौं । मेरो विचारमा त्यसो गर्नु गल्ती हो । जैविक वंशानुक्रमले दक्षिण एसियामा धेरैजसो राजनीतिक कार्य र राजनीतिक नेतृत्वको मार्ग पहिलेबाटै तय गरेको पाउँछौं। नेपालका प्रजातान्त्रिक रूपले निर्वाचित प्रथम प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालाई राजनीतिप्रति उनको लगाव कसरी भयो भन्ने प्रश्न गर्दा उनको जवाफ यस्तो रहेको थियो, "राजनीति हाम्रो परिवारको रगतमै थियो । म तीन वर्षको छँदा मेरा पिताजीले नेपाल छाड्नु परेको थियो । हाम्रो परिवारका प्रत्येक सदस्यको नाममा पक्राउ पुर्जी काटिएको थियो ।" तसर्थ, विश्वेश्वरका दाजु मातृकाप्रसाद कोइराला पनि परिवारको राजनीतिक परम्पराकै उत्पादन थिए।

खासमा राजनीतिले राजनीतिक नेताका परिवारलाई अछुतो रहन दिँदैन । राजनीतिले परिवारलाई छोप्छ । अरू राजनीतिले उनीहरूलाई फसाउँछ भन्दा पनि हुन्छ । उनीहरू राजनीतिक ढङ्को विचार, राजनीतिक व्यवहार, राजनीतिक शब्दावली (अन्य विषयको अध्ययन र सिकाइ गुमाएर) र राजनीतिक गतिविधितर्फ तानिन्छन् । त्यसपछि राजनीतिक नेतृत्वबाट तानिन्छन् अर्थात् राजनीतिक प्रतिस्पर्धा र अवसरको, सफलता र लोकप्रियताको, विफलता र अलोकप्रियताको घुर्राबाट तानिन्छन् र कहिलेकाहीँ त त्यस घुर्रालाई दु:खद र हिंसात्मक मृत्युले चुँडालिदिन्छ। घुर्रा घुम्छ पनि, घुर्रा चुँडिन्छ पनि।

राजनीतिक विरासत सम्हाल्नु भनेको स्वर्ण सिंहासनमा विराजमान हुनु जस्तो होइन। यो त वास्तवमा सर्प भएको खाडलमा जाकिनु जस्तो हो। राजनीतिक विरासत सम्हाल्ने जैविक उत्तराधिकारीहरूले त्यस विरासतसित सम्बन्धित

ऋणात्मक र घनात्मक दुवै पक्ष, त्यसका तीता र मीठा पक्ष, त्यसका गौरव र रौरव दुवैलाई बेहोर्नुपर्ने हुन्छ । त्यो विरासत पुरस्कार हुन सक्छ, त्यो सजाय पनि हुन सक्छ । कहिलेकाहीँ दुवै हुन सक्छ ।

श्रीलङ्काका पूर्वप्रधानमन्त्री सिरीमाओ बन्दारनायकेको स्मृतिमा प्रकाशित ग्रन्थमा समावेश मेरो लेखमा मैले परिवारकै अर्को सदस्यलाई उत्तराधिकारीका रूपमा मान्ने र स्वीकार्ने जीवनका अन्य क्षेत्रलाई नियाल्ने प्रयास गरेको थिएँ । त्यसको मतलब मैले उत्तराधिकारीका रूपमा आउने छोरा, छोरी, पत्नी र अहिले पाकिस्तानका राष्ट्रपति जर्दारीको हकमा पति आदिको पक्षमा वा त्यस्तो उत्तराधिकारलाई न्यायोचित ठहऱ्याउन खोजेको थिइनँ । मैले त त्यसका लक्षणहरूलाई राम्रोसित बुझ्ने प्रयाससम्म गरेको थिएँ । उदाहरणका लागि, कर्पोरेट विश्वमा जैविक उत्तराधिकारीहरू बोर्ड अध्यक्ष हुने गरेका देखिएको छ । कारोबार बुझ्ने र सह्माल्ने बुद्धि देखाउन सकेमा हाकिमका त्यस्ता ' उत्तराधिकारी' प्रतिको शङ्का बाँकी रहँदैन। त्यसैगरी व्यावसायिक संसारमा भनौँ वकिल, डाक्टर, शिक्षक आदिले आफ्ना बिडो छोरा वा छोरीलाई थमाउँछन् । त्यसरी बाउको बिडो थाम्ने सन्ततिहरूले आफैंले केही गरेर नदेखाएसम्म उनीहरूलाई आफ्ना बाउबाजेसित दाँज्ने गरिन्छ। कला, सङ्गीत, नृत्य, अभिनय र चित्रकलाको संसारमा जैविक उत्तराधिकारीले आफ्ना बाउबाजेको कलालाई अगाडि बढाएको पाइन्छ । उत्तराधिकारको सिद्धान्तले खेलकुद जगतमा पनि काम गरेको देखिन्छ ।

उसो भए बोर्ड बैठकमा छोरा वा छोरीको कुशाग्र व्यापारिक बुद्धिलाई मान्यता पाउने बनाउने अथवा अदालतमा कुनै अधिवक्ताको उत्तिकै प्रखर प्रतिभाका छोरा वा छोरीको कानुनी पकडलाई स्वीकार्न लगाउने अथवा एक नामुद डाक्टरका शल्यचिकित्सक सन्ततिको निपुणतालाई अपरेसन कक्षमा पत्याउन लगाउने अथवा आफ्ना अभिनेता वा चित्रकार पितालाई गौरवान्वित पार्ने गरी सिनेमा वा कला समीक्षकको वाहवाही जित्ने छोरा वा छोरी तथा राजनीतिमा के समानता छ ? राजनीतिमा त्यसको समतुल्यता के छ ? त्यो एउटै कुरा हुनुपर्छ: त्यस्तो परिवारको सदस्यले चुनावमा प्रस्ट जित हासिल गर्नुपर्छ जुन

चुनाव उसले स्वच्छ र पारदर्शी तरिकाले लडेको हुनुपर्छ र त्यस्तो चुनाव एक स्वतन्त्र तथा समर्थ निर्वाचन आयोगको निगरानीमा सम्पन्न भएको हुनुपर्छ।

दिवङ्गत नेता वा मारिएका नेताका परिवारका सबै सदस्य यस परीक्षामा उतीर्ण भएका छैनन्। तर धेरै जना उतीर्ण भएका छन्। सिरीमाओ बन्दारनायके आत्मगत हिसाबले चुनिएकी थिइन् तर कालान्तरमा उनले वस्तुगत रूपमा वैधानिक नेतृत्व ग्रहण गरिन्। वैवाहिक कारणबाट राजनीतिक विरासत प्राप्त गर्ने परम्परा पनि उनकै पालादेखि सुरु भयो।

तसर्थ दक्षिण एसियामा नेतृत्वको सुरुवात स्पष्ट हेर्दा परस्परविरोधी देखिने उत्पत्तिबाट भएको देखिन्छः पहिलो, जात, समुदाय, नातागोता, पारिवारिक अपेक्षा र आशा। दोस्रो, नियतिको पासाले ल्याएको परिस्थिति। तर दुवै अवस्थामा परिवारले खेल्ने भूमिका प्रबल छ।

नेतृत्वको देखिने सामान्य ढाँचा यही हो। तर पदार्थलाई परिवर्तन गरिदिने रासायनिक प्रकारको नेतृत्व र इतिहासलाई नै प्रभावित गर्न सक्ने खालको रूपान्तरणकारी नेतृत्व भने दक्षिण एसियामा पारिवारिक घेराबाहिरबाट आएको छ।

त्यस कोटिमा पर्नुहुन्छ महात्मा। आफ्नो आन्तरिक आवाजबाहेक उहाँको परिवार, पुर्खा, जात, समुदाय र उभिने कुनै आधार थिएन र नियतिले उहाँलाई भारतको महानतम् नेता बनाइदियो। म त भन्छु समकालीन इतिहासमा दक्षिण एसियाले पाएको उहाँ सबभन्दा ठूलो नेता हुनुहुन्थ्यो। उहाँका राजनीतिक उत्तराधिकारी जवाहरलाल आफ्ना पिता मोतीलालको पदचिह्न पछ्याउँदै काङ्ग्रेसको सभापति बनेका थिए, तर उनको चुम्बकीय नेतृत्वमा महात्माकै आदर्श, इमानदारी, साहस र ऊर्जा जस्ता गुण भरिएका थिए। त्यसैले गान्धीले उनलाई भनेका थिए, "बहुत वर्ष जियो और हिन्द के जवाहर बने रहो।"

त्यसैगरी शहीद भगत सिंह र नेताजी सुभाषचन्द्र बोसको नेतृत्वकारी गुण उनका परिवार, जात वा समुदायबाट आएको होइन। अनि अम्बेदकरले सारा

भारतलाई समेट्न सक्ने दूरदृष्टि राखेर आफ्नै प्रयासबाट साझा सरोकारको परिदृश्यमा आफूलाई स्थापित गर्न सकिन्छ भन्ने देखाइदिए ।

वर्तमान कालमा जयप्रकाश नारायणको हकमा त्यही कुरा भन्न सकिन्छ । बाबु राजेन्द्र प्रसादको प्रतिष्ठित परिवारबाट आएका भए पनि जेपी आफ्नै तालका थिए जसलाई कुनै वर्गमा राख्न सकिन्न थियो र राजनीतिक दर्शनका हिसाबले परिभाषित गर्न पनि सकिन्न थियो । उनी वामपन्थी विचारधाराका थिए, तर कुनै वामपन्थी पार्टीमा उनी अटाउन सकेनन् । जेपी गान्धीवादी थिए, तर गान्धी 'वृत्त' को कुनै लटका रुटका उनमा लागू हुँदैन थियो । उनी विनोवा भावेको साथमा थिए, तर थिएनन् पनि । जेपी र नेपालका बिपी अर्थात् विश्वेश्वरप्रसादसितको समानता आफैंमा आख्यानको विषय बनेको छ । त्यसैगरी 'बाङ्लादेशका पिता' शेख मुजीबुर रहमान कुनै सुविधासम्पन्न परिवारबाट आएका थिएनन् । एक शेरिस्तदारका पुत्र उनी सरकारी जागिर खाएर आरामको जिन्दगी बिताउन सक्थे । नेता हुनका लागि राजनीतिमा जन्म लिनुपर्छ भन्ने छैन । अजरामर बङ्गबन्धु त्यस्तै थिए: उनी नेताका पनि नेता थिए जसलाई उनका जनताले भोग्नु परेको वञ्चितीकरणले गर्दा राजनीतिक इतिहास र भू-राजनीतिलाई परिवर्तन गर्न सक्ने बनायो ।

## कसमाथि आशा गर्ने ?

दक्षिण एसियामा अहिलेको नेतृत्व कस्तो छ त ? अनि यसको भविष्य कस्तो छ ?

दक्षिण एसियाको लोकतान्त्रिक प्रक्रियाले जनताका आक्रोश र पीडालाई आआफ्नै तरिकाले सुल्झाउन खोजिरहेको छ । तर सुल्झिन सकेको छैन । परिणामस्वरूप सडक, टुँडिखेल र खुला मैदानको राजनीति बढिरहेको छ । यस्तो राजनीतिबाट हामी अनभिज्ञ छैनौँ । यसलाई अलोकतान्त्रिक पनि भन्न मिल्दैन, किनभने यो वस्तुत: अहिंसात्मक हुन्छ । तर यो दबाबमूलक हुन्छ र लोकतान्त्रिक उपचारको परम्परागत प्रक्रियाको उद्देश्यसित बाझिने खालको छ ।

लोकतान्त्रिक कार्यपद्धति ढिलो र अपर्याप्त हुनाको कारणले त्यसको गम्भीर परिणामस्वरूप सङ्गठित सशस्त्र हिंसा बढ्न थालेको देखिएको छ। कुनै पनि हिंसात्मक आन्दोलन एक पटकमै सिद्धिने खालको हुँदैन। यो सिकार खेल्नु जस्तै हो, एउटालाई मारेर सिकार खतम हुँदैन। बन्दुकको गोलीमा त्यसलाई हान्ने र त्यो गोली लाग्नेको नाम लेखिएको हुँदैन। हिंसाले हिंसालाई जन्माउँछ। यो कुनै पन्थको औजारका रूपमा हुर्कन्छ र आत्मतुष्टि नै यसको एक मात्र उद्देश्य हुने गर्छ। हिंसाले दक्षिण एसियाको नेतृत्वको हिस्सा बन्ने प्रयास नगरेको होइन। यसो हुनु वास्तवमा नेतृत्व अराजकताबाट प्रतिस्थापित हुनु हो।

त्यसो हुनाले दक्षिण एसियाको राजनीतिक नेतृत्व कठिन अवस्थामा छ। यसको प्रतिष्ठा धरापमा छ। पैसाको पकड बढेको र यसले राजनीति र नेतालाई खेलाउने हुनाले त्यसबाट व्यापक विस्मय, निराशा र हताशा छाएको छ। त्यसले आक्रोश पनि जन्माएको छ। अहिले जनता निकै सुसूचित र विवेचनात्मक दृष्टि राख्ने भएकाले राजनीतिमा लाग्ने केही व्यक्ति र राजनीतिक सङ्गठनहरू अझै पनि अपवादका रूपमा रहेका छन् भन्ने जनताले बुझेका छन्। तर आम रूपमा राजनीतिक नेतृत्वको प्रतिष्ठा प्रशंसायोग्य भने छैन।

नेतृत्वको अर्थ अचेल हाम्रो भाषा र बोलीचालीमा विभिन्न किसिमले बुझिन्छ। हिन्दीमा हामी 'नेतृत्व' भन्छौँ भने उर्दूमा यसलाई 'रहनुमाई' भनिन्छ र बोलीचालीमा त्यसैलाई 'लिडरबाजी' र 'नेतागिरी' पनि भन्ने गरिन्छ। नेतृत्वका महान् र आदर्श उदाहरणहरू दक्षिण एसियामा पाइन्छन्। तर नेतागिरीलाई बजारमा बिक्ने वस्तुका रूपमा हेरिन्छ। यो बजारमा पाइने यस्तो वस्तु भएको छ जसको खोलमा उत्पादकको ठेगाना छापिएको हुन्छ र बिक्री मूल्य पनि त्यसमा उल्लेख गरिएको हुन्छ, तर त्यो मूल्य बराबर फेरिने गर्छ। त्यस वस्तुका मिश्रणहरूबारे भने त्यसमा उल्लेख हुँदैन र त्यसको गुज्रिने म्याद पनि लेखिएको हुँदैन। अनि नेतागिरीलाई जनताको सेवामा नभई आफ्नै निजी फाइदाका लागि गरिने क्रियाकलापका रूपमा हेरिन्छ। यसलाई चाहिँ दुर्भाग्यपूर्ण मान्नुपर्छ र यसबाट धेरैलाई अन्याय पनि हुन गएको छ। अन्याय किन भएको छ भने म यस्ता धेरै राजनीतिज्ञहरूलाई चिन्छु जो स्वार्थरहित,

इमानदार र आफ्ना दोषलाई देख्ने खालका छन् । नेतृत्व घट्दै गएको छ, नेतागिरी बढिरहेको छ। भारतका दोस्रो राष्ट्रपति सर्वपल्ली राधाकृष्णनले भनेका थिए, “दीर्घम् पश्यतु मा ह्रस्वम्” – अगाडि हेर्नु, सङ्कुचित दृष्टि नराख्नु । नेतृत्वले टाढाको कुरा हेर्छ, नेतागिरीले आफ्नै वरिपरि र नाकमुनि मात्रै हेर्छ अनि कुनै क्षेत्रीय, साम्प्रदायिक र स्थानीय तहका भावावेशपूर्ण निहुँ पाइन्छ कि भनेर सुँघ्ने गर्छ । नेतृत्व तुच्छताभन्दा माथि हुन्छ, नेतागिरी तुच्छतापूर्ण हुन्छ । नेतृत्व छुद्रताभन्दा माथि हुन्छ, नेतागिरी छुद्रतामा रमाउँछ । नेतृत्वले विश्वसनीयतामा जोड दिन्छ र त्यो निष्कपट तथा हदैसम्मको सत्यनिष्ठ हुन्छ । नेतागिरी लोकप्रियता खोज्छ, यो दुईजिब्रे र कपटी हुन्छ । नेतृत्वका अनुयायीहरू हुन्छन्, नेतागिरीका अभिकर्ताहरू हुन्छन् । नेतृत्वले निजी द्वेष र प्रतिस्पर्धालाई उडाइदिन्छ, नेतागिरी त्यसैमा मौलाउँछ । नेतृत्व लम्केर हिँड्छ, नेतागिरी अड्केर हिँड्छ । नेतृत्व ट्राफिक बत्तीमा अडिन्छ, नेतागिरी नअडी अगाडि बढ्छ । नेतृत्व सिद्धान्तमा अडिग रहन्छ र झिनामसिना कुरालाई वास्ता गर्दैन, नेतागिरी सिद्धान्तप्रति सम्झौता गर्छ र आफूलाई फाइदा हुने झिनामसिना कुरा हेर्छ ।

अचेल राजनीतिक नेताहरूलाई आफ्नो ज्यान जाने डर हुन्छ र राज्यले सुरक्षा नदिएको अवस्थामा उनीहरू निजी सुरक्षा गार्ड राख्छन् । निजी हातहतियार र अवैध हातहतियारबीचको फरक झिनो छ । अवैध हातहतियार र भुइँ तहको नेतृत्वबीच नजिकको सम्बन्ध रहेको हुन्छ । त्यसले गर्दा गैरराजनीतिक नेतृत्व सभ्य तथा आकर्षक समेत देखिन थालेको छ । केरला-तामिलनाडु सीमाक्षेत्रको एउटा सानो गाउँको स्कुलमा अस्ति भर्खर मात्र मैले ‘तिमीहरू के बन्न चाहन्छौ ?’ भनेर विद्यार्थीहरूलाई सोधेको थिएँ। मेरो प्रश्नको जवाफमा उनीहरूले ‘मेसी जस्तै फुटबल खेलाडी’ र ‘सलिम अली जस्तै पंक्षी विशेषज्ञ’ भने । एकै जना विद्यार्थीले पनि भविष्यमा आफूले राजनीतिलाई पेसा बनाउने कुरा बताएनन् न त कुनै राजनीतिक नेतालाई उदाहरणीय व्यक्तिका रूपमा उल्लेख गरे ।

राजनीतिक नेतृत्वको छवि जति तल गिर्छ उति नै सामाजिक सक्रियतावादीहरू, राजनीतिमा नलागेर पनि राजनीतिक मुद्दाहरूलाई उठाउने गैसस आन्दोलनका

अगुवाहरू, खेलकुद जगतका हिरोहरू, सांस्कृतिक क्षेत्रका व्यक्तित्वहरू र सिनेकलाकारहरूको छवि चम्कन्छ । आज यी व्यक्तित्वहरूले हिजो राजनीतिक नेताहरूले ओगटेका ठाउँ लिइरहेका छन् । यसबाट राजनीति र राजनीतिक नेतृत्वउपर अन्याय भएको मान्नुपर्छ ।

संवैधानिक निकायका अनिर्वाचित अधिकारीहरूले पनि राजनीति र राजनीतिज्ञभन्दा बढी सम्मान पाउने गरेका छन् । 'मलाई न्यायपालिकाप्रति पूर्ण विश्वास छ' भन्ने उक्ति बरोबर सुन्न पाइन्छ । तर 'मलाई हाम्रा राजनीतिक नेताहरूप्रति पूर्ण विश्वास छ' भनी कसैले भनेको सुन्न पाइँदैन । यस्तो हुनु मलाई दुर्भाग्यपूर्ण लाग्छ । किनभने लोकतन्त्रमा राजनीतिक नेतृत्व नै सामाजिक न्याय र आर्थिक समृद्धि ल्याउने अग्रदूत हुने हुनाले यसको अतिशय महत्त्व छ । अरूले उत्प्रेरकको काम गर्न सक्छन्, प्रेरणा दिन सक्छन् । तर लोकतन्त्रमा अन्तिम परिणाम त वैधानिक लोकतान्त्रिक राजनीतक निकायहरूबाटै प्राप्त हुने हो । जनताको अभिमत, सिकायत, चाहना आदि व्यक्त हुने भरपर्दो माध्यम विधायिका नै हुन्, तिनबाटै आवश्यकताअनुरूप मौजुदा कानुनमा परिवर्तन हुन सक्छ र समयसापेक्ष नयाँ कानुनहरूको तर्जुमा हुन सक्छ । जनताका आँखाबाट त्यस्ता निकायहरूप्रतिको सम्मान गिर्न दिनु हुँदैन ।

अहिलेको अवस्थामा दक्षिण एसियाका राजनीतिक नेतृत्वका सामु रहेको सबभन्दा ठूलो चुनौती भनेको आफ्नो गुमेको विश्वसनीयतालाई फर्काउनु हो, नेतृत्वलाई नेतागिरीबाट मुक्त गर्नु हो । तर त्यसभन्दा पनि ठूलो खाँचो दक्षिण एसियाका लागि र वास्तवमा मानव समाजकै लागि यस्तो नेतालाई पुन:आविष्कृत गर्नु हो जसले राजनीति वा राज्य सञ्चालन र शासन पद्धतिको नभई पृथ्वीको जीवन प्रणालीमा मानवीय अवस्थाबारेको नेतृत्व दिन सकोस् । हामीलाई खाँचो छ सामाजिक दार्शनिकहरूको, पर्यावरणीय दार्शनिकहरूको, विज्ञानका दार्शनिकहरूको, यस्ता विचारकहरूको जो आफैं

> “राजनीतिक नेतृत्वका सामु रहेको सबभन्दा ठूलो चुनौती भनेको आफ्नो गुमेको विश्वसनीयतालाई फर्काउनु हो, नेतृत्वलाई नेतागिरीबाट मुक्त गर्नु हो ।”

पनि सक्रियतावादी हुन् वा जसले सक्रियता उत्पन्न गर्न सक्छन् – बटर्रान्ड रसेल, इ एफ सुमाकर, वाङ्गारू मथाइ, चण्डीप्रसाद भट्ट, सुन्दरलाल बहुगुणा जस्ता व्यक्तिहरू । यस्ता धेरै दक्षिण एसियाली नेताहरू छन् जसले अन्तर्राष्ट्रिय घटनाक्रमको धारलाई मोडेका छन् – उ थान्त, अमर्त्य सेन, महबुब उल हक, रहमान सोभान, मोहम्मद युनुस, ह्यामिल्टन सर्ले अमरसिङ्घे । त्यतिकै नेतृत्व क्षमता देखाउने भारतमा धेरै अग्रगन्य महिलाहरू पनि छन् – अरुणा रोय, मेधा पाटकर, अरुन्धती रोय, सि के जानु, वन्दना सिवा आदि । उनीहरूका विचारलाई जति सुन्नुपर्ने हो त्यो अहिले सुनिएको छैन, तर भविष्यले उनीहरूलाई अग्रगामी नेताका रूपमा मान्ने छ । दिगो सहरी बसोबासबारे बाटो देखाउने पाकिस्तानका अगुवाहरू अख्तर हमिद खान र आरिफ हसनका हकमा पनि त्यही कुरा लागू हुनेछ ।

हामीलाई राजप्रासाद र संसद भवन छाडेर बाहिर निस्कने यस्ता नेताहरू चाहिएको छ जो बोल्छन् लुटिएका वनजङ्गलका हकमा, क्षतविक्षत खानीहरूका हकमा, विलुप्त हुँदै गएका जलाशयका हकमा, प्रदूषित नदीनालाका हकमा, उपेक्षित स्मारकहरूका हकमा, नष्ट पारिएको हस्तकलाका परम्पराको हकमा, सङ्कटमा परेका प्राकृतिक आश्रित प्रणालीका हकमा र जसले बोल्न सकुन् हाम्रा वन्यजन्तुहरूका हकमा, हाम्रा बुढचौली लागेका मानिसहरूका हकमा र विशेषगरी अकथनीय शोषणको मारमा परेका छोरीचेलीहरूका हकमा । यी कुनै पनि प्रतिनिधित्व क्षेत्रभित्र पर्दैनन्, तर यी कुराहरू यस पृथ्वीका अत्यन्त मूल्यवान् वस्तु हुन् । दक्षिण एसियाका नेताहरूले यस्ता ध्येय लिएर बोल्न थाले भने उनीहरू सिंह भनेर चिनिने छन् स्याल भनेर होइन ।

मलाई के विश्वास छ भने दक्षिण एसिया चित्त नबुझ्दो नेतृत्वका मोडेलहरू वा तिनका हिंसात्मक विकल्पहरूबाट दबिने छैन । मलाई विश्वास छ यस क्षेत्र र विश्वका लागि नै अभूतपूर्व नेताहरू दिने दक्षिण एसियाले नेतृत्व पैदा गर्ने आफ्नो क्षमता प्रदर्शन गरेर अर्को पुस्तालाई चमत्कृत पार्नेछ, यस्तो नेतृत्व जो जनतालाई साथ लिएर राजनीतिभन्दा पर्तिर पर्यावरणीय, समाजशास्त्रीय र सभ्यतायुक्त प्रज्ञाको नयाँ प्रणालीमा प्रवेश गर्न सक्छ ।

मैले आफ्नो प्रवचनको प्रारम्भमै आङ सान सु कीको नाम लिएको थिएँ। म धैर्य र साहसकी तिनै विराङ्गनालाई सलाम गर्दै आफ्ना कुरा टुङ्ग्याउन चाहन्छु। ती यस्ती विराङ्गना हुन् जसको कुल उनका लागि गर्वको विषय थियो छनोटको होइन, जसको उकालो यात्राको गति सुस्त, दिक्कलाग्दो र खतरायुक्त थियो अनि उनको यात्रा शिखरमा पुग्न बाँकी नै छ, तर जसले दक्षिण एसियामा नेतृत्वको प्रदर्शन गरेकी छन् र जसले हामीलाई नेतृत्वको नयाँ परिभाषा साथै नयाँ आशा प्रदान गरेकी छन्।

*एलायन्स फर सोसल डायलग (एएसडी) र हिमाल साउथएसियन म्यागजिनद्वारा १८ डिसेम्बर २०१२ मा काठमाडौँमा आयोजित सभामा गोपालकृष्ण गान्धीद्वारा दिइएको व्याख्यानको पूर्ण पाठ।*

9 789937 873116

Alliance for Social Dialogue
110 Ramchandra Marg, Battisputali
Kathmandu – 9, Nepal
asd@asd.org.np • www.asd.org.np